# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## मलंगवा नगरपालिका
## सर्लाही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

**प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं.२५५

मिति: २०७७/३/२८


श्री नगर प्रमुखज्यू,
मलंगवा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६।७७
च. नं. २०७

मितिः २०७७।३।१९

श्री नगरप्रमुखज्यू,
मलंगवा नगरपालिका,
सर्लाही ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मलंगवा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ८ करोड २७ लाख ९० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६८ लाख ९४, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २४ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड २९ लाख ८५ हजार र पेश्की बाँकी रु. २ करोड ४ लाख ३७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ (छब्बीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( बिन्दु विष्ट )
नायव महालेखापरीक्षक

**मलंगवा नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचयः**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीयशासनपद्धतिलाई सुदृढ गरी स्थानीयतहमाविधायिकी, कार्यकारीणी र न्यायीकअभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न मलंगवा नगरपालिकाको स्थापनाभएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममाजनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवाप्रदान गर्नु हो। यो नगरपालीकाअर्न्तगत १२ वडा रहेको ६३ सभा सदस्य ३०.४४ व.की.मी.क्षेत्रफल ४६५१६जनसंख्या रहेको यो नगरपालिका २ नंप्रदेशमाअवस्थित छ ।

**१. स्थानीय संचितकोषः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालीकाले प्राप्त गरेको आय, अनुदानतथा साहायता र स्थानीय सरकार संचालननभएकाव्ययहरुको आयव्ययहिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्तअवस्थानिम्नवमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | ३१,९८,४०,५६०।३२ |
| | क) नगद | | | २ | **पूँजीगतखर्च** | | १७,७०,४९,६११।१० |
| | ख) बैंक | | ९,६४,८७०।७० | ३ | **वित्तीयव्यवस्थाभुक्तानी** | | २,८३,३५,२८५।२८ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७,१४,००,२५५।८० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १,१६,४०,८८१।१८ | | | ख) ब्याजभुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड संघ | ५,९७,५९,३७४।६२ | | | ग) अन्यभुक्तानी | | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | | | ४ | **लगानी** | | |
| | घ) अन्यआय | | | | ऋण लगानी | | |
| | ङ) यो वर्षको आम्दानी | | | | शेयर लगानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३२,११,८८,६७४।५३ | | अन्यलगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १३,६५,००,०००। | | | | | |
| | ख) सशर्त अनुदान | १८४६८८६७४।५३ | | ५ | **धरौटी फिर्ता** | | ३१,३२,३५८।९९ |
| | ग) समपूरक अनुदान | | | | धरौटी बैङ्क मौज्दात | | ५१,५८,००१।०० |
| | घ) विशेष अनुदान | | | ६ | कोषखर्च | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १,१९,००,०००।०० | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | १५,९५,०००। | | | क) नगदमौज्दात | | |
| | ख) सशर्त अनुदान | १,००,००,०००। | | | ख) बैंक मौज्दात | | ३४,६७,६४५।७८ |
| | ग) समपूरक अनुदान | | | | | | |
| | घ) विशेष अनुदान | ३,०५,०००। | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीयव्यवस्थाप्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवाप्राप्ति | | | | | | |
| | ग) ब्याजप्राप्ति | | | | | | |
| | घ) अन्यप्राप्ति | | | | | | |
| ६ | **विभिन्नकोषतर्फको आय** | | ६०,३७,८९४।६२ | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | धर्रौटी आय | | ५०,७३,५०४।८२ | | | | |
| ११ | लगानीको साँवाफिर्ता | | | | | | |
| १२ | अन्यविविधआय | | १२,०४,१५,२६२।०० | | | | |
| | **जम्मा** | | **५३,६९,८०,४६२।४७** | | **जम्मा** | | **५३,६९,८०,४६२।४७** |

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा आम्दानीको छुट रकम रु.६१,७७०। असूल भएको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>बैंक हिसाव मिलानः कार्यालयले देखाएको बैक मोज्दात र बैंकले देखाएको मौज्दात वीच फरक भएमा भिडान विवरण पेश हुनु पर्दछ । आय व्यय विवरण अनुसार कार्यालयको श्रेस्तामा रु ३४,६७,६४५।७८ मौज्दात रहेकोमा बैंक स्टेटमेन्ट अनुसार आषाढ मसान्तमा निम्न बैंक खातामा जम्मा रु. ३७,१४,५५७।२५ मौज्दात देखिएको छ । नगरपालिकाको हिसाव र बैंकको हिसावको मौज्दातमा रु.२,४६,९११।४७ फरक परेको देखियो । नगरपालिकाको स्रेस्ता र बैंकको हिसाव मिलान हुनुपर्ने रु.
<table>
<tr><th>खाता नं.</th><th>मौज्दात</th></tr>
<tr><td>मूल संचित कोष खाता (ग ४ १) ०२९०३००००००००२००१००७</td><td>६,४२,८७८।३१</td></tr>
<tr><td>चालू खर्च खाता (ग २ १) ०२९०३००००००००२००११००</td><td>९,८४,४४१।५९</td></tr>
<tr><td>पुंजीगत खर्च खाता ( ग २ २) ०२९०३००००००००२००२१००</td><td>२२,९८१।५२</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष ( ग ५ ४)०२९०३००००००००५००४००२</td><td>५,११०।००</td></tr>
<tr><td>धरौटी खाता ग ३ ० )०२९०३००००००००३०००१००</td><td>२०,५९,१४५।८३</td></tr>
<tr><td>जम्मा</td><td>३७,१४,५५७।२५</td></tr>
</table></td><td>२,४६,९११।४७</td></tr>
<tr><td>२.</td><td>धरौटी हिसाव विवरण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७१ मा बैंक धरौटी खाताको बैंक स्टेटमेण्ट प्राप्त गरी स्रेस्ता बाँकी रकम र बैंक बाँकी रकम मासिक रुपमा भिडाई हिसाव मिलान गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, मलंगवा शाखामा रहेको खाता नं ०२९०३००००००००३००१०० मा रहेको धरौटीको मौज्दात मासिका रुपमा स्रेस्ता बांकी रकम संग भिडान गर्ने गरेको देखिएन । वर्षान्तमा उक्त बैक खातामा रु २०,५०,१४५।८३ रहेकोमा स्रेस्ताले रु १९,४१,१४५।८३ देखाएकोले स्रेस्ता र बैक स्टेटमेण्ट विचको फरक रु १,०९,०००। पहिचान गरी बैंक हिसाब मिलान विवरण पेश नगरेको रु</td><td>१,०९,०००।००</td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७८ बमेजिम स्थानीयतहले आफ्नो कार्यालयबाट सम्पादित गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीयप्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमाल्याउनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । यस सम्बन्धमा निम्नव्यहोरा देखिएका छन् ।<br><br>
➢ नेपाल सार्वजनिक क्षेत्र लेखामानको प्रतिवेदन फारमहरु २०७५।०८।१० मा स्वीकृत भएकोमा सो बमोजिम फारमहरु प्रयोगमा नल्याएको । संचितकोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण म.ले.प.फा.नं. २७० तयार गर्नुपर्नेमा तयार नगरेको ।<br>
➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) बमोजिम योजनातर्जुमा गर्दा योजनाको संभाव्यता अध्ययनको आधारमा श्रोत साधनको पूर्वानुमान, योजनाको प्राथकीकरण कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्नेमा सो बमोजिम कार्यान्वयन तालिका र अनुगमन योजना तयार नगरेको ।<br>
➢ निर्माणकार्यमा चेनेजहरु नखुलाएको<br>
➢ गोश्वारा भौचरमा आम्दानी । खर्च संकेत उल्लेख गर्ने नगरेको<br>
➢ वैक सयायोजन विवरण तयार गर्ने नगरेको<br>
➢ गोश्वारा भौचरमा खर्च शीर्षक उल्लेख गर्ने नगरेको<br>
➢ अधिकांश खर्चका भौचरहरुमा भुक्तानी योग्य भनी कार्यालय प्रमुखले दस्तखत गर्ने नगरेको<br>
➢ बैंक समायोजन बिवरण तयार नगरेको<br>
➢ समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको<br>
➢ सम्पत्तीको सांकेतीकरण गरी सम्पति सुरक्षामा ध्यान नदिएको<br>
➢ बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | नराखेको<br>➢ जिम्मेवारीको सूची/कार्य विभाजन नगरेको<br>➢ भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ वमोजिम भ्रमण अभिलेख नराखेको<br>➢ तलवी प्रतिवेदन पास नभएको<br>➢ कर्मचारीलाई तलव पेश्की दिने गरेको | |
| ४. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पूँजीगत तर्फका कार्यक्रम नगरसभाबाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन। | |
| ५. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कुल रु.१७ करोड ६८ लाख २८ हजार मध्ये खच प्रथम चौमासिकमा १५.५ प्रतिशत, दोस्रो चौमासिकमा ०.२६ प्रतिशत र तेस्रो चौमासिकमा ५८.२० प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ मसान्तमा ३४.६४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। | |
| | **पुँजीगत तर्फ** | |
| ६. | **योजना र कार्यान्वयन :-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागिता मुलक, उत्पादन मुलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सुची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालय अन्तर्गत संचालित योजना तथा कार्यक्रम स-साना वितरण मुखी रहेको पाइयो। समान भएका योजनाको परीषणबाट रु.५० हजार देखि १ लाख सम्म ५७ वटा, रु.१ लाख देखि ५ लाख सम्म ८०, रु.५ लाख देखि रु.१० लाख सम्म, रु.१० लाख देखि माथि २५ योजना रहेको छ। वितीय समानिकरण लाई ४ ठक्का बाहेक सबै योजनाको काम कोटेशन बाट र उपभोक्त समितिबाट भएको छ। अधिकांश योजना सडक पुर्ने, सम्याउने, ग्राभेल गर्ने, सडक ढलान, मन्दिर मर्मत नाला निर्माण कार्य सँग सम्बन्धित साना योजना रहेका छन्। सिचाई र खानीपानी तर्फ योजना रहेको पाइएन। उत्पादन मुलक र प्रतिफल प्राप्त हुने माध्यम तथा दीर्घकालिन प्रकृतिका योजना कम रहेको पाइयो। सो सम्बन्धमा सम्बन्धित ध्यान जानुपर्छ। | |
| ७. | **गुणस्तर परीक्षण :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) मा सार्वजनिक निकायले आपुर्ति गरेको मालसामानको प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भरा नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । पटक पटक गरी सोझै खरिद गरेको रु.४५ लाख ९२ हजारका २४४ थान हेम पाइप तथा जि.आई पाइप, ल्यापटप, कम्प्युटर, रु.३७ लाख ४६ हजारको प्रिन्टर र सोलार सडक बत्ती सि.सि. क्यामरा र २१ लाख ९४ हजारको सामान खरिद गरेकोमा स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गरेको पाइएन। यसले कम गुणस्तरको सामान खरिद भई छिटो बिग्रने हुँदा आपुर्ति गरेका सामानको गुणस्तर भए नभएको परीक्षण गर्नपर्दछ। | |
| ८. | **सम्झौता कार्यान्वयनः-** उपभोक्ता समिति मार्फत काम गराउँदाको योजना सम्झौताको शर्त ८(६) मा उपभोक्ता समितिको काम तोकिए अनुसारको परिमाण र गुणस्तरको हुनुपर्ने, निर्माण सामाग्री गुणस्तर प्राप्त हुनुपर्ने उल्लेख छ वितीय समानीकरण तर्फ केही योजनाको कामको | |

<table>
<tr><td></td><td>विल अफ क्वान्टिटीमा ल्याब टेष्ट गर्ने आइरन राखी ल्याब टेष्ट गरेको बाहेक सबै योजनाको निर्माण ल्याब टेष्ट गराएको पाइएन । सिमेन्ट, टंकी लगायतका निर्माण सामग्रीहरुको सम्झौतामा उल्लेख भए अनुसार गुणस्तरको चेक जाँच ल्याब टेष्ट गरेको पाइएन । यसले निर्माण कार्य दीगो नहुने भएकोले सम्झौताको कार्यान्वयन हुनपर्छ ।</td><td></td></tr>
<tr><td>९.</td><td>दायित्व सृजना :-आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नराख्ने गरी बढी खर्च हुने गरी दायित्व सृजन ागर्न नहुने उल्लेख छ । भुक्तानी दिन बाँकीको कच्चावारी अनुसार आ.व. २०७६/०७७ को लागि रु.३,५५,४०,५७१।- दायित्व सृजना गरेको पाइयो विनियोजित रकमभन्दा बढी रकम हुने गरी योजना तथा कार्यक्रम स्वीकृत गर्ने र श्रोतको सुनिश्चितता नगरी त्यसको अनुमान गरी कार्यक्रम संचालन गर्ने कारणबाट दायित्व सृजना भएकोले सो सम्बन्धमा कार्यालयको ध्यान जानुपर्छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>बीमा :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लान्ट लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ । पक्की नाली निर्माण तथा सडक ढलानको कार्य ठेक्का मार्फत रु.१० लाख भन्दा बढीको कार्य गराएकोमा नियमानुसार बीमा गराएको पाइएन । अतः कानुनमा तोकेको व्यवस्थाको पालन हुनुपर्छ ।</td><td></td></tr>
<tr><td>११.</td><td>भुक्तानी दिन बाँकी :-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ । गतवर्षको भुक्तानी दिन बाँकीको विवरण अनुसार नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्यको तलव, मेशिनरी औजार, सार्वजनिक निर्माण र फर्निचर खरिदको समेत रु.३,३७,९०,४९७ भुक्तानी गरेको छ । सम्बन्धित आर्थिक वर्षमा भएको खर्च रकमको भुक्तानी भए वा नभएको यस आर्थिक वर्षमा परिषदबाट स्वीकृति बेगर कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित म.ले.प.फारम नम्वर १८ को आधारमा खर्च गरेको पाइयो । साथै सभाबाट स्वीकृत सीमाभन्दा बढी बजेट खर्च भएको रकम भुक्तानी गर्दा परिषदबाट स्वीकृत हुनुपर्नेमा परिषदबाट स्वीकृत भएको छैन ।</td><td></td></tr>
<tr><td>१२.</td><td>उपभोक्ता समिति :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्त समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सुचना सार्जजनिक गर्नुपर्ने र निर्माण कार्यमा हेभी मेशिन प्रयोग गर्न नहुने उल्लेख छ । उपभोक्ता समितिबाट सम्पन्न भएको योजना हस्तान्तरण नहुने, निर्माण कार्यमा हेभी मेशिनको प्रयोग, र खर्चको सार्वजनिकीकरण नहुने जस्ता कानुनले तोकेको कार्य गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१३.</td><td><u>बिना प्रतिस्पर्धा खरिद :-</u> सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद प्रतिस्पर्धा समिति हुने गरी टुका टुका खरिद गर्न नमिल्ने साथै नियम ८५ (१ ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति , फर्म , कम्पनी वा ठेलाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने उल्लेख छ । नगरपालिकाले प्रतिस्पर्धा समिति हुने गरी ग्राभेल, नाला निर्माण , पि.सि.सि. को काम ४८ पटक रु. ५ लाखमा नबढने गरी सोझै रु.२ करोड ३ लाख ८९ हजारको र मेशिनरी औजार रु १ करोड १० लाख २८ हजारको खरिद गरेको छ । खरिद योजना बनाई बोलपत्र द्धारा खरिद गर्नुपर्नेमा निम्नानुसार पटक पटक सोझै खरिद गरेको पाइयो । एक आर्थिक वर्षमा एउटै फर्मबाट एक पटक भन्दा बढी सोझै खरिद गरेको छ । यसले खरिद कार्य प्रतिस्पर्धा तथा मितव्ययी नभएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रु. (हजारमा)</th></tr>
<tr><td>६४।०७५।०६।२६</td><td>अंकित कन्सट्रक्सन</td><td>१,४३</td></tr>
<tr><td>१२६।०८।१७</td><td>शुशिल निर्माण सेवा</td><td>४,८३</td></tr>
<tr><td>२३५।१०।२४</td><td>शुशिल निर्माण सेवा</td><td>४,४९</td></tr>
</table></td><td>३,१४,७५,०००।</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २३७।१०।२४ | राज कन्सट्रक्सन | ४,८९ | | |
| | | २६९।११।१७ | सम्वृद्धि विल्डर्स | ४,८३ | | |
| | | २९९।१२।०५ | शिवालक निर्माण सेवा | ४,९८ | | |
| | | ३०५।१२।१० | राज कन्सट्रक्सन | ४,८५ | | |
| | | ३०८।१२।११ | अभिषेक नि.सेवा | ४,७७ | | |
| | | ३२९।१२।२४ | आशा कन्सट्रक्सन | ३,५२ | | |
| | | ३७४।१।१७ | सुशिल निर्माण सेवा | ४,४८ | | |
| | | ३७८।१।१७ | अवनिष नि.सेवा | ४,८८ | | |
| | | ३७९।१।१७ | बि.के.निर्माण सेवा | ४,८२ | | |
| | | ३८०।१।१७ | रोहित एक विषेक | ४,८१ | | |
| | | ३९३।१।२४ | नन्द नि.सेवा | ४,८२ | | |
| | | ३९७।१।२५ | सृष्टि नि.से. | २,६९ | | |
| | | ३९९।१।२५ | अमरदिप नि.से | ४,९५ | | |
| | | ४१३।२।५ | न्यु राजदेवी नि.से | ४,८६ | | |
| | | ४१४।२।५ | शिव विकास नि.से. | ३,९७ | | |
| | | ४१५।२।७ | तिरुपती बालाजी नि.से. | ४,७१ | | |
| | | ४१६।२।७ | हिना कन्सट्रक्सन | १,९५ | | |
| | | ४४७।२।२७ | राजन कन्सट्रक्सन | ४,८३ | | |
| | | ४३४।२।१४ | रौसनी विल्डर्स | ४,८३ | | |
| | | ४६१।०७६।३।१ | पुजा निर्माण सेवा माँ सप्लायर्स | ४,६४ | | |
| | | ४७४।०७६।३।५ | रामजानकी नि.से | ४,८० | | |
| | | ४७५।३।५ | जनकल्याण नि.से. | ४,८० | | |
| | | ४७६।३।८ | राम निर्माण सेवा | ४,४४ | | |
| | | ४९१।३।१२ | राजन नि.सेवा | ४,०० | | |
| | | ४९२।३।१२ | रोहित नि.सेवा | १,९१ | | |
| | | ४९४।३।१२ | चमेलीमाई कन्सट्रक्सन | ४,६९ | | |
| | | ५१५।३।१९ | ओम वि.एण्ड आर | ४,८७ | | |
| | | ५१६।३।१८ | गौरव कन्सट्रक्सन | ४,८७ | | |
| | | ५२०।३।१८ | विवेक निर्माण सेवा | २,४३ | | |
| | | ५३१।३।२३ | दीप निर्माण सेवा | ४,८७ | | |
| | | ५६३।३।२३ | संतोष एण्ड अभिषेक क. | ४,३६ | | |
| | | ५७४।३।२३ | कृष्ण एण्ड लक्ष्मी क. | ४,२८ | | |
| | | ५८१।३।३० | सुमन निर्माण सेवा | ४,०२ | | |
| | | ५८२।३।३० | जि.आर.के. कन्सट्रक्सन | ४,८७ | | |
| | | ५८३।३।३० | श्री गणेश कन्सट्रक्सन | ४,९२ | | |
| | | ५९९।३।३० | सुशिल निर्माण सेवा | ३,९० | | |

| | | |
|---|---|---|
| ६०२।३।३० | विनायक कन्सट्रक्सन | ४,७० |
| ६१६।३।२९ | माँ वैष्णवी नि.से. | ४,३७ |
| ६१८।३।२९ | ए. एण्ड बी निर्माण सेवा | ४,८७ |
| ६१९।३।२९ | भैरव निर्माण सेवा | ४,८७ |
| ६२०।३।२९ | आकाश नि.सेवा | ४,८७ |
| ६२५।३।२९ | शक्ति नि.सेवा | ३,९० |
| ६५२।३।३० | निखिल एण्ड अमुल क. | ३,५७ |
| ६५७।३।३१ | आकाश निर्माण सेवा | ४,८८ |
| | **जम्मा रु.** | **२,०३,८९** |

**मेशिनरी औजार**

| **भौ.नि.मिति** | **सप्लायर्स** | **सामान** | **भुक्तानी रु. (हजारमा)** |
|---|---|---|---|
| ४४।६।१६ | जिओ टेक्निकल इन्फास्टक्चर | डेलल्यापटप | १,२१ |
| ५७।६।२६ | सन्तु कम्प्युटर | कम्प्युटर, प्रिन्टर | २,५० |
| ११६।८।९ | सन्तु कम्प्युटर | टि.भि. | ३१ |
| २००।९।२४ | एस.बि.कम्प्युटर | डेस्कटप, प्रिन्टर | ३,५० |
| २००।९।२४ | रामजानकी इन्टरप्राईजेज | डेल कम्प्युटर | ७५ |
| २००।९।२४ | रामजानकी इन्टरप्राईजेज | डेल कम्प्युटर | ७५ |
| ४१०।१।१९ | लक्ष्मी इन्टरप्राईजेज | प्रिन्टर | ३० |
| ४५४।२।२८ | ऋषिका सप्लायर्स | प्रिन्टर | ३,४० |
| ४५७।२।२७ | इबिज कन्सन्टेन्सी सर्भिस | डेल डेस्कटप | ७६ |
| ६०९।३।२३ | रामजानकी इन्टरप्राइजेज | कम्प्युटर | ४,९९ |
| ६१०।३।२३ | आर.के. सप्लायर्स | कम्प्युटर, ब्याट्री, राउटर | ४,९९ |
| ६११।।३।२३ | एम सप्लायर्स | कम्प्युटर, ब्याट्री, राउटर | ४,९९ |
| ६१२।३।२३ | जनक नन्दनी ई. | कम्प्युटर, ब्याट्री, राउटर | ४,९९ |
| ६१३।३।२३ | सन एण्ड मुन सप्लायर्स | कम्प्युटर, राउटर | ५,०० |
| ६१४।३।२३ | राजन जेनरल सप्लायर्स | कम्प्युटर, राउटर | ५,०० |
| ६१५।३।२३ | एम सप्लायर्स | प्रिन्टर | ९७ |
| ५०२।३।१७ | स्वाभिमान प्लाष्टिक इन्टरप्राइजेज | हेम पम्प, पाइप | ४,९५ |
| ५०५।३।१७ | अभय जेनरल अर्डर सप्लायर्स | हेम पम्प, पाइप | ४,९५ |
| ५३३।३।२३ | मिथिला एग्रो एजेन्सी | हेम पम्प, पाइप | ४,९५ |
| ५३५।३।२३ | आशु ट्रेडिङ इम्पेक्स | हेम पम्प, पाइप | ४,९५ |
| ५३६।३।२३ | निसा जेनरल स्टोर्स | ” | ४,०५ |
| ५३७।३।२३ | कविर वर्डली इन्टरप्राइजेज | ” | ४,९५ |
| ५३८।३।२३ | स्वाभिमान ड्रिलिङ पाइलिङ | ” | ४,९५ |
| ५३९।३।२३ | निभा टेडर्स | ” | ४,०५ |
| ५७०।३।२५ | गंगा निर्माण सेवा एण्ड तिवारी सप्लायर्स | ” | ४,०५ |
| ५७१।३।२५ | सचिन एजेन्सी | ” | ४,०५ |
| ६३०।३।२५ | सन एण्ड मुन सप्लायर्स | ” | २,९८ |
| ६३०।३।२५ | आर के.सी. सप्लायर्स | ” | ९९ |
| विभिन्न मिति | विभिन्न सप्लायर्स | ७ थान मोटरसाईकल | १६,५८ |
| | | **जम्मा रु.** | **१,१०,८६** |

१४. **रीतपुर्वकको कर विजक :-** मुल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची ५ बमोजिमको ढाँचामासिल सिलेवार नम्बर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ निम्न निर्माण व्यवसायीलाई मुल्य अभिवृद्धि कर भुक्तानी भएकोमा कर विजकमा विजक नम्बर उल्लेख नगरेको र विजक नम्बर सच्चाएको पाइयो । यसरी तोकिएको ढाँचामा कर विजक नहुदा मुल्य अभिवृद्धिकर राजस्व जम्मा नहुने जोखिम रहेकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्छ रु...

| भौ.नं.मिति | निर्माण व्यवसायी | मु.अ.कर.रु. | कैफियत |
|---|---|---|---|
| १२६।०७५।०८।१७ | सुसिल निर्माण सेवा | ५५,५५४।५३ | विजक नम्बर सच्याएको |
| १२६।०७५।८।२० | आर.एस.फर्निचर | ५७,४७९।५० | विजक नम्बर सच्याएको |
| ६२५।३।२५ | शक्ति निर्माण सेवा | ४४,८०२। | विजक नम्बर उल्लेख नभएको |
| २९९।०७५।१२।५ | शिवालक निर्माण सेवा | ५७,२७०।२९ | विजक नम्बर हातले लेखेको |
| ४४४।०७६।२।२६ | सुर्या इटा उद्योग | ९८८०। | विजक नम्बर हातले लेखेको |
| ५९९।०७६।३।२७ | शुशिल निर्माण सेवा | ४४,६७९।०२ | विजक नम्बर उल्लेख नभएको |
| ५३७।०७६।३।२२ | कविर वर्ल्डली इन्टरप्राइजेज | २९३७४।८० | विजक नम्बर उल्लेख नभएको |
| ३५।०७६।६।११ | गंगा निर्माण सेवा | ४७,७१०।९८ | विजक नम्बर उल्लेख नभएको |
| | **जम्मा** | **३,४६,७५१।१२** | |

३,४६,७५१।१२

१५. **कर विजक पेश नभएको :-**मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीलाई मुल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेकोमा कर विजक पेश भएको पाइएन । कर विजक पेश नहुँदा राजस्व दाखिला नहुने जोखिम रहेकोले कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा मुल्य अभिवृद्धि कर रकम असुल हुनुपर्ने रु...

| भौ.नं.मिति | निर्माण व्यवसायी | मुल्य अभिवृद्धि कर रु. |
|---|---|---|
| ५१६।३।१८ | गौरव कन्सट्रक्सन | ५६,०३५।९८ |
| २३५।१०।२४ | शुशिल निर्माण सेवा | ५१,६९६।३९ |
| ६१९।३।२९ | भैरव निर्माण सेवा | ५५,९८२।९४ |
| ३९७।१।२५ | सृष्टि निर्माण सेवा | ३०,८९६।१६ |
| ४९५।२०७६।३।१३ | सृष्टि निर्माण सेवा | ४४,७८२।४६ |
| | | **२,३९,३९३।९३** |

२,३९,३९३।९३

१६. **कार्यसम्पन्न प्रतिवेदन:-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौतामा उल्लेखीत अवधीभित्र कार्य सम्पन्न गरी प्रतिवेन तयार गर्नुपर्ने उल्लेख छ । उपभोक्त समिति मार्फत काम भएको निम्न कार्यको कार्य सम्पन्न प्रतिवेदन बेगर भुक्तानी भएको पाइयो । कार्य सम्पन्न प्रतिवेदन तयार नभएबाट तोकिएको अवधिभित्र र सम्झौता बमोजिम काम सम्पन्न भए नभएको एकीन गर्न सकिएन । यसरी काम सम्पन्न गरेको कार्य सम्पन्न प्रतिवेदन बेगर निम्नानुसार भुक्तानी रु. १७,०५,००५।- कानुन सम्मत नदेखिएको रु..

| भौ.नं.मिति | उपभोक्ता समिति | भुक्तानी रु. |
|---|---|---|
| १६।०७५।६।५ | कम्पाउण्ड वाल निर्माण उपभोक्ता समिति (वडा नं.१२) | ५,९५,०२३। |
| १५४।०७५।८।२० | देवनारायण प्राथमिक विद्यालय भवन तथा थप | ७,६४,३३०। |
| ३१८।०६५।१२।१२ | सुखैनिया धर्मशाला निर्माण | ३,४५,६५२। |

१७,०५,००५।

१७. **बिना प्रतिस्पर्धा खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद प्रतिस्पर्धा समिति हुने गरी टुक्रा गरी खरिद गर्न नमिल्ने उल्लेख छ । सोलार सडक बत्ती, सि.सि. क्यामेरा खरिद तथा जडानको काम विभिन्न सप्लायर्स, फर्मबाट सोझै गराएको पाइयो । प्रतिस्पार्धाको माध्यमबाट र योग्यता प्राप्त फर्मबाट गराउनुपर्नेमा जडानको कार्य छनौट नगरी सोझै गराएको छ । यसले खरिद कार्य मितव्ययी नहुनुको साथै जडान कामको प्राविधिक प्रतिवेदन समेत पेश नभएकोले नियम सम्मत नदेखिएको रु. ३६,६८,९१२।७५

**सोलार तथा सौर्य सडक बत्ती**

| जडान गौ.भौ.नं.मिति | सप्लायर्स | भुक्तानी रु. |
|---|---|---|
| ६३३।०७६।३।३० | लक्ष्मी इन्टरप्राइजेज | ४,९९,९७३।०० |
| ३२८।०७५।१२।२६ | एस के स्टोर्स | ९८,४३२।०० |
| ६०३।०७६।३।३० | लक्ष्मी इन्टरप्राइजेज | ४,८७,५००।०० |
| ६०४।०७६।३।३० | गुप्ता इन्टरप्राइजेज | ४,९९,९७३।०० |
| ६०७।३।३० | जयमाता सप्लायर्स | ४,८७,५००।०० |

**सि.सि.क्यामेरा जडान**

| गौ.भौ.नं. मिति | सप्लायर्स | भुक्तानी रु. |
|---|---|---|
| २६६।११।१७ | एसियन टेडर्स | ४,९८,७५३।०० |
| २६७।११।१७ | टाइम एक्सपोर्ट इम्पोर्ट मिडिया प्रा.लि. | ४,९९,६०१।२५ |
| ३२४।०७५।१२।२६ | डविज कन्सल्टेन्सी सर्भिस | १,४२,९२०।५० |
| ४४५।०७६।२।२६ | सन्तु कम्प्युटर | ४,५४,२६०।०० |
| | | **१५,९५,५३४।७५** |

१८. **अग्रिमकरः-** आयकर ऐन, २०५८को दफा ८९ (१) मा बासिन्दा व्यक्तिले ठेक्का वा करार वापत पचास हजार रुपैया भन्दा बढीको रकम दिदाँ भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न सप्लायर्सलाई भुक्तानी गर्दा उक्त व्यवस्था अनुसार १.५ प्रतिशत कर कट्टा नगरेकोले सोको राजस्व दाखिला प्रमाण पेश हुनुपर्ने रु. ..... २०,८७५।९४

| गौ.भौ.नं. | सप्लायर्स | भुक्तानी रु. | कर कट्टी नगरेको कर |
|---|---|---|---|
| ३२५।१२।२५ | देवाशुं आइरन स्टोर | ५,६६,३७१। | ८४९५।५७ |
| ६५८।०७६।३।३१ | सुनिल कुमार श्रीवास्तवको पेश्की फर्छौट | ८,२५,३५८।०० | १२,३८०।३७ |
| | | | **२०,८७५।९४** |

१९. **बजेट भन्दा बढी खर्च :-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (२)(क) मा अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र खर्च गर्न बाँकी छ भने खर्च गर्ने र खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । निम्न उपभोक्ता समितिलाई बजेटमा तोकेको भन्दा बढी भुक्तानी गरेको पाइयो । विनियोजन भन्दा बढी खर्च आन्तरिक लेखपरीक्षणबाट समेत औल्याएकोमा लेखापरीक्षण अवधि सम्म सो को खर्च समर्थन प्रमाण पेश नभएकोले बढी खर्च समर्थन गरेको प्रमाण पेश हुनु पर्दछ रु. ९८,०००।००

| भौ.नं.मिति | उपभोक्ता समिति | बजेट रु. ( हजारमा) | खर्च रु. ( रु.हजारमा) | बढीरु. ( हजारमा) |
|---|---|---|---|---|
| २८।०७५।६।९ | नागबाबा मन्दिर निर्माण उ.स. | ६,०० | ६६९ | ६९ |
| १० | हैण्ड पाइप जडान उ.स. | ६,०० | ६,२९ | २९ |

२०. **खरिद कारवाहीः-** सार्जजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही गर्न नहुने उल्लेख छ । जुगल राउतको घर

| | | |
|---|---|---|
| | देखिको बाटो तथा रविन्द्र रायको घर देखि भरत रायको घर जाने बाटोको नाला पक्की नाला सहित सडक ढलान गर्ने कामको लागि निर्माण व्यवसायी सक्षम निर्माण सेवा सँग रु.२८६९४०८।५४ (मु.अं.कर समेत) को सम्झौता भएको मा रु.२८,६६,००५।४० भुक्तानी भएको पाइयो । पक्की नालाको समेत सम्झौता भएकोमा पक्की नालाको कार्य भएको पाइएन । ढलानको कार्यमा बृद्धि भएको पाइयो । स्थानीय विवादको कारणबाट नालीको काम भएको छैन । नाली निर्माणको लागि समेत छुटयाएको बजेट सडक ढलान कार्य मा मात्र खर्च भएको छ । निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको ठेक्का सम्झौता भएकोले पक्की नालीको काम हुन सकेको पाइएन । निर्माण स्थलको व्यवस्था भएपछि मात्र निर्माण कार्यको खरिद कारवाही गर्नुपर्दछ ।<br><br>**म्याद थपः-म्याद थप सम्बन्धमा देखिएको व्यहोरा देहायानुसार छ**<br><br>**(२०.१)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) मा निर्माण व्यवसायीले म्याद थपको लागि सम्झौताको म्याद सकिन कम्तिमा सात दिन अगावै म्याद थपको लागि निवदेन दिनुपर्ने उल्लेख छ । महेन्द्र शर्माको मिलदेखि जयरुद्ध को घर सम्म सडकमा पि.सि.सि. कंकिट गर्न निर्माण व्यवसायी आशा कन्सट्रक्सनसँग सिलवन्दी दरभाउ पत्रको माध्यमबाट रु.६,९८,७६३।७५ मा लागतको ४०।१३ प्रतिशत घटिमा सम्झौता भएको पाइयो । उक्त कार्य २०७५।३।१५ भित्र सम्पन्न गर्ने गरी २०७५/१/१९ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले उक्त तोकिएको अवधिभित्र काम सम्पन्न नभएको कारणबाट २०७५।३।२९ मा म्याद थपको निवेदन दिएको र उक्त निवेदनको आधारमा २०७५।१२।१५ सम्म म्याद थप भएको छ । नियममा भएको व्यवस्था अनुसार म्याद सकिनु कम्तिमा सात दिन अगाडि म्याद थपको निवेदन दिनुपर्नेमा म्याद समाप्त भएको १४ दिनपछि म्याद थपको लागि निवेदन दिएको पाइयो । साथै सम्झौतामा २ महिनाको म्याद तोकिएकोमा ९ महिनाको म्याद थप गरिएको छ । सम्झौता बमोजिम कार्य सम्पन्न भएको उल्लेख गरी रु.६,९८,७६३। भुक्तानी गरेको भए तापनि कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न मिति खुलाइएको छैन । नियममा तोकेको अवधि भित्र म्याद थपको निवेदन पेश नहुनु, सम्झौताको आवधि भन्दा बढी अवधिको म्याद थप गर्नु र कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदनमा काम सम्पन्न गरेको मिति उल्लेख नगरेबाट म्याद थप अवधि भित्र पनि काम सम्पन्न भए नभएको विश्वस्त हुन सकिएन ।<br><br>**(२०.२)**सार्वजनिक खरिद, ऐन, २०६३ को दफा ५६ (२) मा काबु बाहिरको परिस्थीति भएमा खरिद सम्झौताको अवधि बढाउन सक्ने उल्लेख छ । भारतीय दुतावासको सहयोगमा वडा नं.४ खानेपानी देखि दक्षिण पश्चिम कृष्णामति विद्यालय हुदै रिंगरोड सम्म पक्की नाला निर्माण गर्न २०७०।३।३१ मा रु.४,४७,९०,३८९।३२ को निर्माण व्यवसायी साप/देव एण्ड सायर सँग २०७१।५।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको पाइयो । छैठो रनिङ विल सम्म निर्माण व्यवसायी लाई रु.२,९८,७१,३४२।८८ भुक्तानी भएको छ । उक्त कामको म्याद पटक पटक थप गरी नगरपालिकाको वैठक २०७६।२।२३ को निर्णय अनुसार २०७६।९।१४ सम्म म्याद थप गरेको पाइयो । बालुवागिटी उठाउन प्रतिवन्ध, मापदण्डमा विवाद आदि कारण बाट म्याद थप गरेको देखिन्छ । कानुनमा व्यवस्था भए अनुसार काबु बाहिरको परिस्थिति हो होइन चेक जाँच गरी मात्र म्याद थप हुनु पर्दछ । निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधिको आधारमा हाल सम्मको भौतिक प्रगति न्युन भएकोले थप म्याद भित्र पनि कार्य सम्पन्न हुने अवस्था नदेखिएकोले कार्यालयबाट हुने अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ । | |
| २१. | **सम्झौता कार्यान्वयनः-**<br><br>(क) युवा लक्षित पशुपंछीपालन कार्यक्रमको सम्झौतामा व्यवसाय संचालनको लागि कार्य योजना अनुसार कार्य सम्पन्न पश्चात कार्यालयले रकम खातामा जम्मा गर्ने उल्लेख छ । भैसी, | |

<table>
<tr><td></td><td>बाखा, कुखुरा पालनको माध्यबाट स्वारोजगार कार्यक्रम संचालन गर्न गर्भुबाबा बहुउद्देश्यीय कृषि फर्मलाई रु.५ लाख भुक्तानी गरेको पाइयो । सम्झौता अनुसार कार्य सम्पन्न पश्चात खातामा रकम जम्मा गर्ने उल्लेख भएकोमा काम गरेको पुष्टाई हुने प्रमाण पेश नभएकोले कार्यक्रम सम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>(ख) अग्रिम करः- आयकर ऐन, २०५८ को दफा ८८ (१) मा सेवा शुल्क रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टि गर्नुपर्ने उल्लेख छ । कम्प्युटर तालीम संचालन बापत जिल्ला युवा संघलाई रु.१,५०,०००। भुक्तानी गरेको पाइयो । जिल्ला युवा संघ मुल्य अभिवृदि करमा दर्ता नभएकोले कर विजक पेश गरेको छैन । ऐनमा भएको व्यवस्थानुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत रु.२२,५००। कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत रु.९५२५। मात्र कर कट्टा गरेकोले नपुग कर राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>५,००,०००।-<br><br>१२,९७५।-</td></tr>
<tr><td>२२.</td><td>बढी भुक्तानीः- कार्य सम्पन्न प्रतिवेदन अनुसार उपभोक्ता समितिलाई भुक्तानी हुनुपर्छ । कार्य सम्पन्न प्रतिवेदनमा देखाएको खुद कामको मुल्याङ्कन भन्दा निम्न उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको सम्बन्धमा आन्तरिक लेखापरीक्षणबाट समेत औलयाएकोमा लेखापरीक्षण अवधि सम्म असुल भएको नपाइएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्छ रु.<br><table>
<tr><th>गौ.भौ.नं.मिति</th><th>उपभोक्ता समिति</th><th>कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्ने रु.</th><th>भुक्तानी गरेको रु.</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>२३६।०७५।१०।२४</td><td>मदरसा जमिया नुरिया</td><td>१,९३,०२५।१३</td><td>१,९५,०००।०</td><td>१९७५।</td></tr>
<tr><td>४५१।२०७६।२।२८</td><td>फुलमत माई मन्दिर निर्माण उ.स.</td><td>९,२९,५३८।३४</td><td>१०,७६,०७१।</td><td>१,४६,५३२।६६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१,४८,५०७।६६</td></tr>
</table></td><td>१,४८,५०७।६६</td></tr>
<tr><td>२३.</td><td>बढी तलव तथा ग्रेड भुक्तानीः-कर्मचारीलाई तोकिएको तलव तथा ग्रेड भुक्तानी गर्नुपर्छ । स्वास्थ्य तर्फ निम्न गो.भौ.नं. बाट दोब्बर तलव तथा बढी छुट ग्रेड भुक्तानी भएको आन्तरिक लेखापरीक्षणबाट समेत औल्याएकोमा लेखापरीक्षण अवधि सम्म असुल नभएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्नै रु. .<br><table>
<tr><th>गो.भौ.नं.मिति</th><th>कर्मचारीको नाम र व्यहोरा</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>२८।२०७५।०९।२५</td><td>दिब्यांसा कुमारी शाहको पुष महिनाको तलव दोब्बर भुक्तानी भएको</td><td>८९१०।००</td></tr>
<tr><td>४५।०७६।१२।२४</td><td>जन.स्वा.निरीक्षक मो. सलिम मिकरानीको छुट ग्रेड भुक्तानी गर्दा रु. १०१७।०० हुनपर्नेमा रु.१०७०। ले भुक्तानी भएको ।</td><td>५८३।००</td></tr>
<tr><td></td><td></td><td>९४९३।००</td></tr>
</table></td><td>९,४९३।</td></tr>
<tr><td>२४.</td><td>अनुगमनः-आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (३) मा अनुदान दिएको रकम जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरे, लक्ष्य अनुसार गरे वा नगरेको अनुगमन गर्नुपर्ने उल्लेख छ । खुल्ला दिशामुक्त कार्यक्रम अर्न्तगत शौचालय निर्माण गर्न साफेन, ढकन, रिङ्ग निर्माण सामाग्री वापत वडा नं.२,७ र १२ मा सम्बन्धित वडा सचिवले प्रति घर धुरी वडा नं.७ मा रु.५,६००। र वडा नं.२, १२ मा प्रतिघर धुरी रु.७,५००। को दरले नगद बुझाएको पाइयो । वडा नं.१२ मा १३० घर धुरीको लागि रु.९,७५,०००।, वडा नं.७ मा ३३७ जनाको रु.१८,८७,२००। र वडा नं.२ मा १८० जनाको रु.१३,५०,०००। समेत रु. ४१,१२,२००। भुक्तानी भएको भर्पाई पेश भएको छ । केही वडा को फोटो सहित वडा ध्यक्षले अनुगमन गरेको प्रमाण पेश भए तापनि जुन कामको लागि रकम दिइएको हो सो काममा खर्च</td><td></td></tr>
</table>

गरे नगरेको, लक्ष्य अनुसार गरे नगरेको पुष्टयाई हुने गरी कार्यालयबाट अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । यसले कार्यक्रमको लक्ष्य बमोजिम भए नभएको विश्वस्त हुने आधार भएन ।

२५. **आर्थिक सहायता:-**कार्यालयले आन्तरिक आम्दानीको रकमबाट खर्चको विल भर्पाई नराखी बोर्ड बैठकबाट अनुमोदन हुने गरी आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । उक्त भुक्तानी रकम बोर्ड वैठकबाट लेखापरीक्षण अवधि सम्म पनि अनुमोदन भएको नपाइएकोले बोर्ड बैठकबाट अनुमोदन गरेको प्रमाण पेश हुनुपर्दछ रु. २,८२,०००।

| गौ.भौ.नं.मिति | आर्थिक सहायता प्राप्त गर्नेको नाम | सहायता रकम रु. |
|---|---|---|
| २०।०७५।९।९ | उर्मीला देवी | २१,०००। |
| २४।०७५।९।१९ | नेपाल महिला सँघ | ३०,०००। |
| २६।०७५।९।१९ | नेपाल परिवार दल | १०,०००। |
| २८।०७५।०९।२३ | हाजी मुस्तफा हसन मिकरानी | १०,०००। |
| ३०।०७५।९।२३ | तौकिफ मिकरानी | २०,०००। |
| ३१।०७५।९।२४ | वर्ग सदस्य मुस्लिम मिया | २०,०००। |
| ३२।९।२४ | मिना देवी महतो | ७,०००। |
| ३६।०७५।१०।९ | दशै ठाकुर | १०,०००। |
| ३७।०७५।१०।९ | ल्याकत मिया मन्सुर | ७,०००। |
| ४१।१०।१० | रामपृत पासवान | २०,०००। |
| ५६।१२।२६ | निर्माला देवी पासवान | ६२,०००। |
| ५९।१।२७ | महेन्द्र राय यादव | ५,०००। |
| ६४।२।८ | बच्चा कुमार राय | २०,०००। |
| ६८।२।९ | ज्योतिया देवी | १५,०००। |
| ७२।२।१६ | फेकु मिया | १०,०००। |
| ६४।२।२८ | तेतरी देवी | १५,०००। |
| | **जम्मा** | **२,८२,०००।००** |

२६. **बिना प्रतिस्प्रर्धा खरिद:-**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) खरिद प्रतिसप्रर्धा समिति हुने गरी टुका टुका गरी खरिद गर्न नमिल्ने उल्लेख छ । आन्तरिक आयतर्फ कार्यालय सामान निम्नानुसार १० पटक गरी रु.५ लाखमा नबढाई सोझै खरिद गरेको पाइयो । यसले खरिद कार्य मितव्ययी नहुनुको साथै खरिद कार्य कानुन सम्मत नदेखिएको रु.. ३५,४१,९६७।

| गौ.भौ.नं.मिति | स्पलायर्स | भुक्तानी रु. |
|---|---|---|
| १०।०७५।७।२० | बिक्की ट्रेडर्स | ४,६६,६९०।०० |
| ११।०७५।७।२० | अनि सप्लायर्स | ४,९०,०८१।०० |
| १२।०७५।७।२० | लक्की प्रिन्टर्स | ४,९४,४६०।०० |
| १२।०७५।७।२० | लक्की प्रिन्टर्स | १,९२,६४७।३० |
| २१।९।१२ | रामजानकी इन्टरप्राइजेज | ४,८५,३३५।०० |
| २२।९।१२ | जानकी अफसेट छापाखाना | ४,८४,२०५।०० |
| २३।९।१२ | आर.के.सप्लायर्स | ४,६७,२५५।०० |
| ४६।११।५ | ऋषिका सप्लायर्स | ४,५६,२९४।०० |
| | **जम्मा** | **३५,४१,९६७।००** |

२७. **लागत अनुमान:-**लागत अनुमान तयार गर्दा तथा स्वीकृति सम्बन्धमा निम्न व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्था छ । RWD हाईटप जीपको रु.५६,५०,०००।० लागत कार्यालय प्रमुखबाट स्वीकृत भएको पाइएन । मेकानिकल इन्जिनियरबाट लागत अनुमान तयार भए तापनि नियमानुसार कार्यालयबाट स्वीकृत भएको नपाइएकोले नियमको पालना हुनुपर्छ ।

ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) म लागत अनुमान तयार गर्दा

<table>
<tr><td></td><td>स्थानीय बजारको प्रचलित दर भाउ, ढुवानी खर्च, सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, उद्योग वाणिज्य संघले जारी गरेको दर रेटलाई आधार लिनुपर्ने उल्लेख छ । ३६ थान ४० wp सौर्य सडक बत्ती खरिद तथा जडान गर्न रु.३९,२९,४००। को लागत स्वीकृत भएको पाइयो । उक्त सौर्य सडक बत्तीको लागत अनुमान तयार गर्दा नियममा भएको व्यवस्था अनुसार आधार खुलाइएको पाइएन । लागत तयार गर्दा आधार नखुलाएकोले लागत रकम यथार्थ र विश्वसनीय मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>२८.</td><td>पेश्की फछ्यौटः- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ मा दैनिक तथा भ्रमण भत्ता पेश्की कर्मचारी भ्रमणबाट फर्केको पैतीस दिन भित्र फछ्यौट गर्नुपर्छ । नियम ७६ मा माल सामान पेश्की कार्यालयमा फर्केको बढीमा सात दिन भित्र पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । ना.सु. (करार) गजेन्द्र प्रसाद शाहलाई औषधि खरिद गर्न २०७५।९।१२ रु.९,९१,०००। पेश्की दिएकोमा २०७६ आषाढ २४ गते बैंक खातामा रकम जम्मा गरेको प्रमाण पेश भएको छ । सम्बन्धित सप्लायर्सबाट औषधि खरिद गरी भुक्तानी दिन सक्नेमा औषधि खरिदको लागि पेश्की दिनु उचित होइन ।</td><td></td></tr>
<tr><td>२९.</td><td>घटि जनसहभगिताः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा लाभग्राही समुदायलार्य जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । सडक वोर्डतर्फ उपभोक्त समिति को कामको भुक्तानीमा ३० प्रतिशत जनसहभागिताको अंश कट्टा गरेको पाइयो । तर निम्न गो.भौ.नं. बाट निम्नउपभोक्ता समितिलाइ घटि जनसहभागिताको अंश तथा जनसहभागिताको अंश कट्टा नगरी भुक्तानी भएको पाइयो । यसरी जनसहभागिताको अंश घटी तथा कट्टा नगरेबाट उपभोक्ता समतिलाई बढी भुक्तानी हुन गएको रकम असुल हुनुपर्छ रु.
<table>
<tr><th>गो.भौ.नं मिति</th><th>उपभोक्ता समिति</th><th>कामको मुल्याङ्कन रु.</th><th>जनसहभागिता को अंश कट्टा गर्नुपर्ने</th><th>कट्टा गरेको रु.</th><th>घटि कट्टा गरेको रु.</th></tr>
<tr><td>८।०७५।३।२९</td><td>रामबाबु महराको घर देखि लाल बाबु रायको घर सम्म ग्राभेल</td><td>१,८३,३७१।६०</td><td>५५,०११।४८</td><td>४८,३७१।६</td><td>६६३९।८८</td></tr>
<tr><td>१०।०७५।५।२८</td><td>मजिफ मिकरानी को उत्तर खरिफ मिया स्कुल देखि डा. सुरेश गुप्ताको घर सम्म मर्मत उ.स.</td><td>२,४७,५२०।५९</td><td>७४,२५६।१७</td><td>–</td><td>७४,२५६।१७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>८०,८९६।०५</td></tr>
</table></td><td>८०,८९६।०५</td></tr>
<tr><td>३०.</td><td>अमानत बाट कार्यः- सार्वजनिक खरिद ऐन, २०६३ दफा ४५ (१) मा सामान्य प्रकृतिको मर्मत संभार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट काम गर्न सकिने उल्लेख छ । विभिन्न वडामा सडकमा माटो पुर्ने, सम्याउने, ग्राभेल गर्ने, प्लाष्टर गर्ने काम ज्यालामा रु. १ लाखमा नबढाई वडा सदस्य, वडा सचिवलाई भुक्तानी गरेको पाइयो । यस्तो कार्य पटक पटक गराई रु. ४७ लाख १२ हजार भुक्तानी गरेको छ । सामान्य प्रकृतिको नियमित कार्य मात्र अमानतबाट गर्न सकिने कानुनी व्यवस्था भएकोमा सो विपरित सडक ग्राभेल गर्ने, सडक मर्मतको काम समेत अमानतबाट गर्ने गरी योजना छनौट गर्दा देखि नै स साना कार्यको लागि रकम छुट्याउने गरेको कारणवाट अमानतमा कार्य भएको छ । अमानत वाट काम गराई निम्नानुसार भुक्तानी</td><td>४७,१२,३५७।८६</td></tr>
</table>

भएको नियम सम्मत नदेखिएको रु....

| कामको विवरण | भुक्तानी रु. |
|---|---|
| महाविर मन्दिरको वरिपरि ग्राभेल | ९८,५७४।७८ |
| बह्नी महतो को घर देखि भोथाई चमारको घर सम्म ग्राभेल | ९८,७२४।५९ |
| रिङ्गरोड देखि उत्तर बैधबापको घर सम्म मर्मत कार्य | ७८,३२६।७५ |
| सानो मुसैलीमा मदरसाको प्लाष्टर | ९७,०९०।२९ |
| सरस्वती प्रा.वि.को फिल्डमा माटो पुर्ने | ९९,९६२।३८ |
| महिन्द्र रायको घर देखि दुखा मंडलको घर सम्म ग्राभेल | ४८,५५८।०३ |
| नेक मोहमदको घर देखि लालमोहम्मदको घर सम्म ग्राभेल | ६८,२६०।६५ |
| प्रेमलाल शाहको घर देखि सरोज शाहको घर सम्म ग्राभेल | ७३,१०४।८६ |
| उपेन्द्र रायको घर देखि रामनारायणको घर सम्म ग्राभेल | ७३,०९५।४८ |
| उपेन्द्र रायको घर देखि रमेश शाहको घर सम्म ग्राभेल | ४८,४२७।६१ |
| रिङ्गरोड देखि उत्तर वैद्यनाथको घर सम्म सडक मर्मत | ७६,४१६।३४ |
| विभिन्न सडकमा माटो ग्राभेल | ९९,९८६।२३ |
| सानो मुसैलिमा मदरसाको आइरन गेट तथा प्लाष्टर | ९९,६६१।०१ |
| तौफिर अन्सारीको घर देखि इनारसम्मको सडकमा माटो ग्रेभल | ९२,६२५। |
| बडी नुरी जमिया मस्जिदमा  प्लाष्टर | ६४,३४१।२२ |
| हुलास पासवानको घर देखि विन्देश्वर रायको घर सम्म ग्राभेल | ९६,८९८,५० |
| भुनेश्वर रायको घर देखि जगदीश राउतको घर सम्म ग्रोभल | ९९,६२९।०९ |
| विभिन्न सडकमा माटो सम्याउने पुर्ने | ९७,३७७।४८ |
| विभिन्न सडकमा माटो पुर्ने सम्याउने | ९६,९६०।६० |
| अजिम अन्सारीको घर देखि रामसामुतिनको घर सम्म ग्राभेल | ९५,६६२।७७ |
| डोमटोल र शम्सेरको घर देखि उत्तरमा माटो ग्राभेल | ९५,७६५।३५ |
| विभिन्न सडक मर्मत ग्राभेल | ९६,६४४।०८ |
| विभिन्न सडक मर्मत ग्राभेल | ९७,३७०।७९ |
| मुल सडकदेखि श्रीनारायण रायको घर सम्म सडक मर्मत | ७६,२४८। |
| इनरदेव रायको घर देखि उत्तर महेन्द्र पासवानको घर सम्म सडक मर्मत | ९५,३१०। |
| विभिन्न सडकमा मर्मत | ९६,६७७।९७ |
| डा.रामानन्दन रायको घर देखि पुर्वजाने सडकमा माटो पुर्ने | ९९,३८८।८० |
| उमेश लाल दासको घर देखि मठसम्म ग्राभेल | ७२,२०५।७४ |
| भदई महतोको घर देखि उत्तर रामदाश महतोको घर सम्म माटो पुर्ने | ९७,७९५।१५ |
| श्रीनारायणको घर देखि जयकिशोर शाहको घर सम्म सडकमा माटो भर्ने | ९२,२४६।४६ |
| ब्रहम्स्थान नजिकको इनार मर्मत | ९०,०३५।८६ |
| भोलाशाह रामविनय देवनन्दन रायको घर सम्म माटो ग्राभेल | ९५,९१८।३४ |
| अमरनाथ घर देखि पुर्वजाने बाटो ग्राभेल | ९६,४७०।६३ |
| तौकिरको घर देखि रामुचौक हुदै तीर्थलाल रायको घर सम्म ग्राभेल | ९८,९९०।२३ |
| पुरुषोत्तम महतोको घर चौक देखि सुधिर कर्णको घरसम्म सडक मर्मत | ४७,९९९।०५ |
| दीपेश कर्णको घर अगाडि हैन्ड पाइप जडान | ४८,३३९।९९ |
| मन्दिर मर्मत | ४९,०४९।९५ |
| अडडा बजारमा माटो पुर्ने | ९७,१२४।०७ |
| मोनिफ खाँ को घर देखि रौदी खाँ को घर सम्म मर्मत | ८७,४४१।७६ |
| विभिन्न सडक मर्मत | ९७,४४९।१८ |
| खलिल मिकरानी को घर देखि इसा मिकरानीको घर सम्म सडक मर्मत | ८०,२९८।२५ |
| ठाकुररोड दलित धर्मशाला र अन्य स्थानको सडक मर्मत | ९८,३७०।७२ |
| वन्हा सडक देखि चापी सडक सम्म माटोको काम | ९६,६००। |
| ठुलो मुसैली टोलमा सडक मर्मत | ९६,४५१। |
| दुलार ठाकुरको घर देखि पुर्व कान्तलाल पासवानको घर सम्म सडक मर्मत | ९०,७८५।८५ |
| उत्तरवारी टोल र अन्य स्थानमा सडक निर्माण | ९९,७४७।२० |
| पक्की नाला निर्माण | ९७,४००।१६ |
| जिल्ला प्रहरी कार्यालय अगाडि ह्युम पाइप जडान | ५७,१७९।१६ |
| सडकको खाल्टो ग्राभेल गर्ने , पुर्ने | ९९,९४०। |

| | |
|---|---|
| मदनरायको घर देखि संजिव मिश्रको घर सम्म सडक मर्मत | ९६,६९३।३९ |
| विभिन्न सडकमा माटो तथा ग्राभेल | ८८१३०।४४ |
| विभिन्न सडममा माटो तथा ग्राभेल | ८१,३६०।०७ |
| फुलमत माई मन्दिर देखि पुर्व रामबाबाको घर सम्म सडकमा माटो पुर्ने | ९७,७३५।४५। |
| विभिन्न सडक मर्मत | ९९,६१०। |
| **जम्मा रु.** | **४७,१२,३५७।८६** |

३१. **बढी दर रेटः-**निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत दर रेट अनुसार भुक्तानी गर्नुपर्दछ/सुरेन्द्र सिंहको घर देखि खेनहारी मण्डलको घर हुदे इजरायल फकिरको घर सम्म सडक ढलान १२ उपभोक्त समितिलाई गत वर्षको भुक्तानी बाँकी रु.१९,५०,०००। भुक्तानी भएकोमा आइटम नं.४ पि.सि.सि. १:२:४ को दर रेट प्रति घ.मि.रु.१०,३३०।१९ ले भुक्तानी गर्नुपर्नेमा प्रति घ.मि. रु.१०,७८०।११ ले भुक्तानी गरेको छ । वढी दरले भुक्तानी भएको कारणवाट कार्य सम्पन्न प्रतिवेदन अनुसार १६५।६० घ.मि.को बढी दर रु.४४९।९२ ले ७४,५०६।७५ बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु. ७४,५०६।७५

३२. **बढी भुक्तानी :** रामजानकी मन्दिर देखि रामकैलाश यादवको घर सम्म सडक ढलान उपभोक्त समितिलाई रु.२८,२७,२५२।५९ भुक्तानी आइटम नं.४ सिमेन्ट कंकिट १:२:४ को प्रति घ.मि. दर रु.११,६७२।३४ ले भुक्तानी गर्नुपर्नेमा जग्गा भित्ता पर्खालमा पि.सि.सि. कामको प्रति घ.मि. रु.१२,२२२।६३ले भुक्तानी भएको छ । सडक ढलानको कार्यसम्पन्न प्रतिवेदन अनुसार १८६।५८ घ.मि.को बढी दर रु.५५०।२९ ले रु.१,०२,६७३।१० बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल हुनुपर्छ रु. १,०२,६७३।१०

३३. **ल्याब टेष्टः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ निम्न उपभोक्त समितिलाई ल्याब टेष्ट बापत भुक्तानी गरेको मा ल्याब टेष्टको प्रमाण नभएकोले ल्याब टेष्ट बापत भुक्तानी रकम असुल गर्नुपर्छ रु. ३०,०००।००

| **भौ.नं.मिति** | **उपभोक्ता समिति** | **ल्याब टेष्टको भुक्तानी रु.** |
|---|---|---|
| ३४५।०७६।१।३ | द- सहारा रोडमा पर्ने माटो पुर्ने तथा सडक पक्की ढलान कार्य | १५,०००। |
| १७।०७५।६।४ | सुरेन्द्र सिहंको घर देखि खेनहारी मण्डलको घर हुदै इजरायल फकिरको घर सम्म सडक ढलान उपभोक्ता समिति | १५,०००। |
| | **जम्मा** | **३०,०००।** |

३४. **प्रधानमन्त्री रोजगार कार्यक्रम :-** कामका लागि पारिश्रामिक आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थपन कार्यविधि, २०७६ को परिच्छेद ४ को दफा १३ को (१) मा स्थानीय तहले यस कार्य विधि बमोजिम सञ्चालन हुने रोजगार आयोजनामा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकता ऋमका आधारमा काममा खटाउनुपर्ने व्यवस्था छ । उपदफा (१) बमोजिमका काममा खटाउदा स्थानीय तहले निर्देशकको दफा २५ को उपदफा (१) बमोजिमको श्रमिक समुह गठन गरी काममा खटाउनु पर्नेमा उक्त श्रमिक समुह गठन गरेको प्रमाण वेगर नै सोझै कामदार खटाई भुक्तानी दिइएको पाइयो ।

३५. **प्रदेश सरकार :-**

क. प्रदेश शशर्त अनुदान अर्न्तगत जम्मा बजेट रु.१ करोड छुट्याएकोमा विभिन्न कार्यक्रम सञ्चालन गरी रु.९३,३७,३०८ मात्र खर्च भएकोमा बाँकी रु.६,६२,६९२ बैंक दाखिला नभएकोले असुल उपर हुनुपर्ने रु. ६,६२,६९२।००

ख. आयकर ऐन २०५८ वमाजिम भुक्तानीमा कट्टी भएको कर अर्को महिनाको २५ गते

| | | |
|---|---|---|
| | भित्र दाखिला गर्नु पर्ने व्यवस्था छ। विभिन्न करकट्टी रकम दाखिला नभएको रु. | १,५६,७६०।०० |
| ३६. | **एकिकृत स्वास्थ्य :-**<br>क. रा.प.अनं.प्रथम श्रेणी सरहका कर्मचारीहरुले पाउने रकमहरुको तलव स्केल बाहेक अन्य सुविधा नपाउने भनी करार सम्झौता पत्रमा व्यवस्था रहेता पनि क.अ.युवराज सुवेदीलाई प्रत्येक महिना मंहगी भत्ता दिइएको असुल हुनुपर्ने रु.<br>ख. भौ.नं.२२,०७५।९।९ मा निरजामा मेडिको सप्लायर्सभक्तपुर बाट ५५६ वटा न्यानो झोला रु.४,९९,२८७।८८ कोटेशन मार्फत खरीद गरेकोमा उक्त सप्लार्यस बाट कोटेशन दर रेट, कर चुक्त प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र पेश गरेको पाइएन साथै सर्लाही जिल्ला अस्पतालमा हस्तान्तरण गरेकोमा सो को हस्तान्तरण फारम उपलब्ध हुन सकेन | २४,०००।०० |
| ३७. | **बहुक्षेत्रीय पोषन कार्यक्रम ब.हु.शि.नं.३६५८४४७३ :-**<br>(क)बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरु (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा पारित) को बुदाँ नं.१६ मा स्थानीय तहका साझेदारीमा स्वयम सेवक नियुक्त गर्नुपर्ने व्यवस्था छ उक्त स्वयम सेवक छनौट प्रक्रियामा कार्यपालिकाको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतको संयोजत्वमा छनौट समिति गठन गरी कम्तीमा १५ दिनको सुचना स्थानीय पत्रिका/सञ्चार माध्यममा प्रकाशित गर्नुपर्नेमा सो नगरी कार्यालयको सुचना पानाँमा मात्र टाँस गरी स्वयम सेवक नियुक्त गरेको पाइयो ।<br>(ख) ८/०७५/१०/९ मा कम्प्युटर अपरेटर लक्ष्मण महतोलाई १२०० गर्भवती महिलालाई नियमित चेक जाचँ गराउँदा १ के.जी. चना र कुखुराको अन्डा वितरण कार्यक्रमका लागि रु.४,८६,०००।०० पेश्की दिइएको र भौ.नं.११।२०७५।१२।१९ मा कार्यक्रम सञ्चालनै नगरी पेश्की फिर्ता गरेको पाइएकोले कार्यकम संचालनका लागि पेश्की लिने तर कार्यकम नगरी पेश्की नै फिर्ता गर्ने कर्मचारी लाई जिम्मेवार वनाउनु पर्दछ ।<br>(घ) १९/२०७६/३/२० विटु जेनरल स्टोर्स बाट मिति २०७६/३/१६ मा ८८० के.जी. चना रु. ९० का दरले रु.७९,२००। मा खरीद गरी वितरण गरेकोमा वितरणको भर्पाइ संलग्न भएको पाइएन भने दाखिला प्रतिवेदन कार्यालय प्रमुखवाट स्वकृत भएको पाइएन । | |
| ३८. | **आयुर्वेद तर्फ :**<br>मिति २०७५।०६।२८ मा आयुर्वेद अभ्यङ्ककर्ताको रुपमा किरन कुमारीलाई कुनै प्रक्रिया बिना नै मासिक रुपमा रु.१५,०००।०० तलव पाउने गरी नियुक्त गरिएको नियम संगत देखिएन । साथै मलंगवा न.पा.बाट गर्भवती तथा सुत्केरी महिलालाई १ किलो चना रु.९०। का दरले वितरण गर्ने उद्देश्यका साथ श्री माँ दुर्गा खाद्यान्न भण्डार मलंगवा -८, सर्लाही बाट मिति २०७५/१२/१५ मा ५००० किलो खरीद भएकोमा जम्मा २५०० किलोको मात्र विभिन्न स्वास्थ्य चौकीलाई भौ.नं.१२।०७६।१।४ मा हस्तान्तरण गरेको भर्पाइ संलग्न भएको देखियो । बाँकी २५०० के.जी वितरणको प्रमाण पेश हुन नसकेकोले सो वितरणको भर्पाई पेश हुनु पर्ने रु. | २,२५,०००। |
| ३९. | **समाज कल्याण कार्यक्रम तर्फ (३४०१०५३) :** २।०७६।३।२०: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) कुनै रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गनुपर्ने व्यवस्था छ । मलगंवा नगरपालिका र प्रेरणा अपाङ्ग पुनस्थापना केन्द्र बीच अपाङ्गता भएका व्यक्तिहरुको लागि नि:शुल्क सहायक सामाग्री वितरण, फिजियोथेरापी र परामर्श सेवा कार्यक्रममा अपाङ्गता पहिचान गरी सेवा उपलब्ध गराउने सम्झौता भएकोमा रु.७ लाखको भुक्तानी गर्दा अपाङ्गता प्रस्टसँग देखिने गरी खिचेको फोटो सहितको निवेदन पत्र र अशक्तताको किसिम खुलाएको अपाङ्ग परिचय पत्र पेश गर्नुपर्ने सर्त रहेकोमा सो नभएकोले आवश्यक प्रमाणपत्र पेश गरेर मात्र | |

सेवा उपलब्ध गराउनुपर्दछ ।

४०. **सामाजिक सुरक्षातर्फ :**

(क) सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका २०६५ को बुंदा नं ११ अनुसार सामाजिक सुरक्षा सम्वन्धि अनुसूची ८,९,१०,११ र १२ तयार गरी सो को आधारमा भत्ता खर्च लेख्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसारका अनुसूचीहरु तयार गरी खर्च लेखेको पाइएन ।

(ख) यस कार्यक्रम अर्न्तगतका स्रेस्ता मध्ये लेखापरीक्षण योजनाले निर्दिष्ट गरे वमोजिमको निकासाको आधारमा निम्न वडा कार्यालयहरुको छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरणको परीक्षण गर्दा केही जेष्ठ नागरिक तथा अन्य जेष्ठ नागरिक, दलित, एकल महिलाको नाम नामेसी भत्ता प्राप्त गर्नेको नागरिकता नम्वर, परिचयपत्र नम्वर र बैक खाता नम्वर समेत नखुलाई बैक मार्फत वितरण गर्दा दोहोरो भत्तानी भएको छैन भन्न सक्ने आधार भएन । यसैगरी बाकी अन्य वडा कार्यालयहरुमा पनि कार्यालयले छानविन गरी सामाजिक सुरक्षा भत्ता खर्च एकिन गर्नु पर्दछ ।

(ग) कार्यालयले आर्थिक वर्षको शुरुमा लाभ ग्राहीको लगत किताव अधावधिक गर्नुपर्नेमा अधावधिक गरको पाइएन । सामाजिक सुरक्षा भत्ता खर्च मध्ये निम्न व्यक्तिको दोहोरो भुक्तानी भएको देखिन्छ । सो असुल गर्नु पर्ने रु. १,६९,६००।

| सि. नं. | वडा नं. | सा.सु.किसिम | लाभग्राहीको नाम | चौमासिक | प्रथम रकम |
|---|---|---|---|---|---|
| १ | ५ | जे.ना. (दलित) | गगन देव पासवान | प्रथम चौ. | ४०००। |
| २ | ५ | जे.ना.(दलित) | राम बहादुर महरा | प्रथम चौ. | ४०००। |
| ३ | ५ | द. वालवालिका | अभिमन्यु रजक | प्रथम चौ. | १६००। |
| ४ | ११ | जे.ना.(दलित) | सिताराम दास तत्मा | प्रथम चौ. | ४०००। |
| ५ | ११ | जे.ना.(दलित) | जगतारण देवी | प्रथम चौ. | ४०००। |
| ६ | २ | जे.ना.अन्य | रामकलि तेली | प्रथम चौ. | ८०००। |
| **सि. नं.** | **वडा नं.** | **सा.सु.किसिम** | **लाभग्राहीको नाम** | **चौमासिक** | **प्रथम रकम** |
| ७ | ११ | जे.ना.अन्य | पानो देवी सोनार | प्रथम | ८०००। |
| ८ | ११ | जे.ना.अन्य | महिला सिरजनी देवी राय यादव | प्रथम | ८०००। |

**दोश्रो किस्ता :-**

| सि. नं. | वडा नं. | सा.सु.किसिम | लाभग्राहीको नाम | चौमासिक | रकम |
|---|---|---|---|---|---|
| ९ | ३ | जे.ना.अन्य | अब्दुल वसिर मिया मुकेरी | दोश्रो | ८०००। |
| १० | ३ | जे.ना.अन्य | राम वृक्ष महतो सुडी | दोश्रो | ८०००। |
| ११ | ३ | जे.ना.अन्य | रामचन्द्र प्रसाद साहरौनियार | दोश्रो | ८०००। |
| १२ | १ | विधवा | प्रतिभा देवी यादव | दोश्रो | ४०००। |
| १३ | १ | विधवा | सुमित्रा देवी | दोश्रो | ८०००। |
| १४ | ७ | पुर्ण अपांङ्ग | रामप्रवेश महतो धुनिया | दोश्रो | ८०००। |
| १५ | १२ | जे.ना.अन्य | मुतिया देवी | दोश्रो | ८०००। |
| १६ | ३ | जे.ना.अन्य | रामसखी देवी चौधरी ( मृतकलाई भुक्तानी) | | ८०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **जम्मा** | **९७,६००।** |

**तेश्रो किस्ता :-**

| **सि. नं.** | **वडा नं.** | **सा.सु.किसिम** | **लाभग्राहीको नाम** | **चौमासिक** | **रकम** |
|---|---|---|---|---|---|
| ४३ | ५ | जे.ना.अन्य | सावीर हुसैन मिकरानी | तेश्रो | ८०००। |
| ४४ | ५ | जे.ना.(दलित) | गगन देव पासवान | " | ४०००। |
| ४५ | ५ | विद्यवा महिला | सावित्री देवी पासवान | " | ४०००। |
| ४६ | १२ | जे.ना.अन्य | किशुन पति यादव | " | ८०००। |
| ४७ | ११ | जे.ना.अन्य | कौसिला देवी | " | ८०००। |
| ४८ | ११ | जे.ना.अन्य | रामप्रित मण्डल | " | ८०००। |
| ३९ | ११ | जे.ना.अन्य | सिरजनिया देवी राय यादव | " | ८०००। |
| ५० | ६ | जे.ना.अन्य | गोरकी देवी राय | " | ८०००। |
| ५१ | ६ | जे.ना.अन्य | मुखिया देवी साह | " | ८०००। |
| ५२ | ३ | जे.ना.अन्य | रामचन्द्र प्रसाद शाह रौनियार | " | ८०००। |
| | | | | **जम्मा** | **१,६९,६००।** |

**नगर सभाकोष चालु खर्च**

४१. **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा काठमाडौं उपत्यकाका कार्यालयहरु एवं केन्द्रीय स्तरका निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले दरवन्दीका रिक्त पद भन्दा अतिरिक्त ३० जना स्वीपर, २४ जना कार्यालय सहयोगी, ४ जना चालक र २ जन अमिन गरी ६० जना कर्मचारीहरु विना सम्झौता डोर हाजिरका आधारमा नगरपालिकाको कार्यालय र अर्न्तगतका १२ वटा वडा कार्यालयहरुमा वर्षे भरी काममा लगाएको पाइयो । स्वीपरलाई मासिक रु १५,०००।, कार्यालय सहयोगीलाई मासिक रु १५,००। चालकलाई मासिक रु १८,०००। तथा अमिनलाई मासिक रु २२,१७०। का आधारमा यस आ.ब.मा रु. १ करोड ११ लाख १६ हजार खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन ।

४२.३ ५ **१८।२०७५।६।५ :** मेशिनरी औजार अर्न्तगत हिमालयन इन्टरप्राइजेज वाट २०७५।५।१५ मा ४० सेट मोवाइल रु ४,४०,०२२। मा खरिद गरेको पाइयो । के कुन प्रयोजनका लागि खरिद गरिएको एवं नगर कार्यपालिकावाट निर्णय नगरी खरिद गरिएको उक्त खरिद नियमसंगत नदेखिएको रु ४,४०,०२२।

४३. **भारतीय नम्वरको गाडी प्रयोग भाडा :** नगरप्रमुखले प्रयोग गर्नका लागि भनी एक भारतीय नम्वरको गाडी BR 06AZ /9564संग सम्झौता गरी भाडा भुक्तानी दिएको पाइयो ।दैनिक रु ३,०००। का दरले भाडा भुक्तानी गर्ने गरी सम्झौता भएको उक्त गाडीको भाडा वापत २०७५ श्रावण, भाद्र र आश्विन महिनामा मासिक रु ९३,०००। का दरले रु २,७९,०००। भुक्तानी दिएको देखियो । विदेशी श्रोत र साधनको प्रयोग सार्वजनिक निकायहरुले प्रयोग गर्न पाउने नपाउने अधिकार नेपाल सरकार संग मात्र भएको अवस्थामा नेपाल सरकार संग अनुमति नलिई नगरपालिकाले भारतीय नम्वरको गाडीसंग गरेको सम्झौता गैरकानूनी ठहर हुने हुंदा यस सम्वन्धमा छानविन गरी सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाइनु पर्दछ ।

४४. **विविध खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले खर्च आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपषिदवाट यो वर्ष विविध शीर्षकमा रु १२,००,०००। वजेट स्वीकृत भएकोमा रु ४६,४०,०८३। खर्च भई वजेटको तुलनामा २८७ प्रतिशत वढी खर्च भएको देखियो । विविध खर्चको परीक्षण गर्ने क्रममा विविध खर्चमा खाना, खाजा, चिया नास्ता लगायतका रिफरेसमेन्ट संग सम्वन्धित खर्चहरु रहेको पाइयो । विविध खर्चमा एकातिर वजेटरी कन्ट्रोल लाई परिपालना गरेको देखिएन भने अर्कोतिर खर्च भुक्तानी गर्दा नियन्त्रणका लागि अपनाउनु पर्ने आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको पाइएन । खर्च गर्नु अघि स्वीकृती माग गर्ने, भुत्तानीका समय भुत्तानी गर्न योग्य छ छैन भनी जांच गर्ने एवं वजेट सिमा नाघे ननाघेको सम्वन्धमा एकिन गरी भुत्तानीका लागि अघि वढाउने जस्ता नियन्त्रणका माध्यमहरु नअपनाई खर्च गर्ने गरेको कारण मनोमानी खर्च हुने अवस्था देखियो । वजेटको सिमा भित्र रही खर्च गरे नगरेको, खर्च स्वीकृत गरेको क्रियाकलाप वा कार्यक्रमका लागि भएको र पूर्व स्वीकृत लिएको खर्च मात्र भएको छ भन्ने सम्वन्धमा जिम्मेवार पदाधिकरीले ध्यान दिई खर्चलाई नियन्त्रण गर्नु पर्ने देखियो ।

४५. **प्रोत्साहन भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारी र स्थानीय निकायले करार सेवामा लिएका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । नगरपालिकाले यस वर्ष प्रोत्साहन भत्ता भनी जम्मा रु ३७,४३,१५०।८५ खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्सहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको नियम संगत देखिएन । नगरसभाको २०७६।३।३१ को निर्णयबाट २०७६ श्रावण १ गते देखि विगत वर्ष देखि खाई आएको प्रोत्साहन भत्ता हटाउने निर्णय गरी २०७६।७७ देखि प्रोत्साहन भत्ता भुक्तानी दिएको रु.

३७,४३,१५०।८५

४६. **इन्धनः-** कार्यालयले पदाधिकारी ईन्धनमा रु ५,००,०००।, कार्यालय प्रयोजनमा रु. ५,००,०००। र अन्य प्रयोजनमा रु.२,००,०००। गरी गरी कूल रु.१२,००,०००। इन्धनमा बिनियोजन गरेकोमा कार्यालयले पदाधिकारी इन्धनमा रु २८,५६,५५७।९०,कार्यालय प्रयोजनमा रु. ४,८८,०५३। र अन्य प्रयोजना रु.१,९६,६२०। गरी गरी कूल रु.३५,४१,२३०।९० इन्धनमा खर्च गरेको छ । नगर कार्यपालिकाले २०७५।९।२२ मा सवै १२ वटै वडा कार्यालयहरुमा प्रत्येक वडा कार्यालयलाई ईन्धन वापत मासिक ५० लिटरका दरले पेट्रोल उपलब्ध गराउने निर्णय गरेको देखियो । अन्य कर्मचारीहरुको हकमा भने कुनै मापदण्ड वनाएको छैन । यस वर्ष पदाधिकारी इन्धनमा वजेटको तुलनामा ४७१ प्रतिशत वढी खर्च भएको छ । तर ईन्धन सुविधा दिंदा आवश्यकताको पहिचान गरी के कति दिदा उपयुक्त हुने भन्ने मापदण्ड वनाएको पाइएन । तसर्थ मापदण्ड, आधार र प्रमाणको आधारमा इन्धनको प्रयोग गर्नु पर्छ ।

४७. **स्थानीयतहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्थाअनुसार २ नम्वर प्रदेश संसदले स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार मलंगवा नगरपालिकाले देहायबमोजिम सुविधा वापत भुक्तानी गरेको छ ।

| सि नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १२ जना | कार्यापालिका सदस्य ७ जना | सभाका सदस्य ४२ जना | जम्मा १२ महिनाको |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक | ३५,०००। | ३१,०००। | २२,०००। | २२,०००। | ७,०००। | ९३,३६,०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुविधा | | | | | | ०। |
| | संचार | आवाश्यकता अनुसार | २४,०००। | | | | २४,०००। |
| ३. | यातायात खर्च | आवाश्यकता अनुसार | आवाश्यकता अनुसार | ७,४१,६००। | २,५९,५६०। | | १०,०१,१६०। |
| | **जम्मा** | **४,२०,०००।** | **३,९६,०००।** | **३९,०९,६००।** | **२१,०७,५६०।** | **३५,२८,०००।** | **१,०३,६१,१६०।** |

साथै यस वर्ष विगत वर्षको भुक्तानी दिन बांकी पदाधिकारीहरुको मासिक तलव खर्च रु ९०,९०,७५०। यो वर्ष भुक्तनी दिएको पाइयो । भुक्तानी दिन बांकीको उक्त पदाधिकारी तलवको विवरण कोष तथा लेखानियन्त्रक कार्यालय, सर्लाहीवाट प्रमाणित गरेको पाइयो ।

| | | |
|---|---|---|
| ४८. | **पदाधिकारी प्रोत्साहन भत्ता :** ९३७।२०७६।३।२९ यो वर्ष पदाधिकारी प्रोत्साहन भत्ता वापत १३ जना पदाधिाकरीहरुलाई रु १४,९९,५२०। मा १५ प्रतिशत कर कट्टा गरी रु १२,७४,५९२। भुत्तानी दिएको पाइयो । यस्तो भत्ता नगरप्रमुखलाई मासिक रु १०,०००। का दरले र अन्य पदाधिकारीहरुलाई मासिक रु ९५८०। का दरले १ वर्षको भुत्तानी दिएको देखियो । २ नम्बर प्रदेश सरकारबाट पारित कानून अनुसार पदाधिकारीहरुले मासिक सुविधा लिई सके पछि अन्य कुनै सुविधा लिन नपाउने व्यवस्था भए अनुसार थप सुविधा लिएको रकम सम्वन्धित पदाधिकारीहरु वाट असुल गर्नु पर्ने रु. | १२,७४,५९२। |
| ४९. | **गाडी भाडा सम्वन्धमा :** कार्यालय र अलिअख्तर मिकरानी काठमाडौ विच मिति २०७५।५।२८ गते उपप्रमुखले प्रयोग गर्नका लागि गाडी नं बा १३ च २९४३ भाडामा लिने सम्झौता गरेको देखियो । उक्त सम्झौतामा गाडीको दैनिक भाडा रु.१५००। दिने र सम्झौताको अवधि २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म रहने देखिन्छ ।उक्त सम्झौता अनुसार यस वर्ष उक्त गाडी भाडामा रु ५ लाख ४० हजार खर्च भुक्तानी दिएको पाइयो । | |
| ५०. | **आर्थिक सहायताः-स्**थानीय तहमा परिचालन हुने स्रोत साधनको दिगो प्रतिफल प्राप्त हुने, स्थानीय स्तरको प्राथमिकतामा आधारित लाभदायक कार्यक्रममा परिचालन गरी उपयोगीमूलक गराउनु पर्नेमा सिधै व्यक्ति केन्द्रित गरी यो वर्ष रु ५ लाख ६५ हजार वितरण गरेको देखियो । तसर्थ श्रोत साधनलाई जनताको स्तरमा केन्द्रित गर्ने गरी सेवामूलक तथा उपलब्धिमूलक बनाउनमा केन्द्रित रहनेतर्फ यस नगर कार्यपालिकाको ध्यान जानुपर्दछ । | |
| ५१. | **पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन :** यो शीर्षकमा स्वीकृत वजेट रु ५,००,०००। रहेकोमा खर्च रु १३,४७,७४८। भएको पाइयो । वजेटको तुलनामा खर्च १७० प्रतिशतले वढी खर्च भएको देखियो ।यस नगरपालिकाबाट विभिन्न भौचरहरु वाट विभिन्न मितिमा विभिन्न पत्रपत्रिकामा एवं एफ.एम.अधिकांश **शुभकामना व्यक्त** एवं केही सन्देशमूलक सूचना प्रकाशन गरेको लाई सूचना प्रकाशन भनी रकम खर्च लेखेकोमा सम्बन्धित पत्रपत्रिका एवं एफ.एम.हरु के कुन आधारमा छनौट गरको खुल्दैन भने सेवा लिएका पत्रपत्रिका एवं एफ.एम रेडियो संग सम्भौता नभएको, जिङ्गल निर्माण नगरेको, कतिपटक, कुन दरमा प्रसारण गर्ने सो नखुलेको कार्यक्रम संचलन भएपछि प्रसारण भएको सि.डि. प्रमाणका रुपमा पेश नभएकोले प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु. | १३,४७,७४८।०० |
| ५२. | **दमकल मर्मत खर्च :** ४८१।२०७५।१२।२६ : ना.सु. गजेन्द्र प्रसाद साहलाई लिएको पेश्की रु २,००,०००। फछ्र्योट गरी नपुग रु ३८८२८। भुक्तानी दिएको भौचर परीक्षण गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) वमोजिम सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा सेवाप्रदायकवाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था छ । तर नगरपालिकाले उपर्युक्त व्यवस्थाको परिपालना गरेको पाइएन । त्यस्तै मर्मत सम्पन्न पश्चात प्राविधिक परीक्षण गरी Ready to use को अवस्थामा रहेको प्रतिवेदन दिएको पाइएन । भौचर साथ संलग्न भएका वीलहरुको जोडजम्मा रु २,२१,२५३।७५ मात्र देखिएकोले नपुग रु १७,५७५।२५ सम्वन्धित वाट असुल हुनु पर्ने रु. | १७,५७५। |

| | | |
|---|---|---|
| ५३. | **स्ल्याव ढुवानी भाडाः** ३९८।२०७५।१२।९ नगरापलिकाका सवारी चालक अमरनाथ साहले मलंगवा वडा नं १ मा स्ल्याव राख्ने काम सम्पन्न भएकोले सो स्ल्यावको ढुवानी भाडा भुक्तानी पाउं भनी निवेदन पेश गरेको आधारमा निजलाई रु ५०,०००। भुक्तानी दिएको पाइयो । सो स्थानमा स्ल्याव राख्ने काम भएको भनी पुष्ट्याई गर्ने आवश्यक पर्याप्त प्रमाणहरु वेगर दिएको भुक्तानी सही र यथार्थ हो भनी एकिन गर्ने अवस्था नभएकोले आवश्यका प्रमाणहरु राखी पुष्टी गर्नु पर्ने रु. | ५०,०००। |
| ५४. | **सिसि टिभी वार्षिक मर्मत खर्च :** ८७०।२०७६।३।२३ नगरपालिकाको वडा नं १ मा जडान भएका १६ थान सिसि टिभी मर्मत गर्न भनी नगरपालिका र सन्तु कम्प्युटर मलंगवा ९ संग मिति २०७६।३।२० मा सम्झौता भएको पाइयो । उक्त सम्झौताको अवधि १ वर्ष उल्लेख छ भने सम्झौता रकम रु १,३०,०००। रहेको छ । तर सो कार्यको लागि आवश्यकता पहिचान गरी लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा कम्तीमा ३ वटा सेवा प्रदायक संग दर रेट माग गरी सवैभन्दा घटी दर रेट छनौट गर्नु पर्नेमा सो गरेको छैन । साथै सम्झौताका शर्तहरु विस्तृत रुपमा उल्लेख गरको छैन । सम्झौताको रकम काम सम्पन्न भएको आधारमा भुक्तानी गर्दै जानु पर्नेमा एकमुष्ट वर्षान्तमा पेश्की नजनाई खर्च लेखेको कारण उक्त खर्च वास्तविक हो भनी एकिन गर्न सकिएन । अतः संलग्न पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नु पर्ने रु | १,३०,०००। |
| ५५. | **जे सि भि मर्मत :** जे सि भि मर्मतका लागि चालक राम पुकार महतोलाई पेश्की दिएकोमा ५९४।२०७६।२।१ वाट रु ५०,०००। र ५९५।२०७६।३।२ वाट रु ३०,२७५। फछ्र्योट भएकोमा.आपुर्तिकर्ताले जारी गरेको दुवै मर्मतको मर्मत भिजिट प्रतिवेदनको मिति एउटै अर्थात २०७६।१।९ भएकोले फरक फरक समयमा मर्मत गरेको भनी खर्च भुक्तानी दिएको मिल्ने देखिएन । एउटै मर्मत कार्यलाई दुई पटक भएको भनी दुई पटक जारी गरेको पाइएकोले सो मर्मत छानविन गरी पछिल्लो मर्मत अमान्य गरी रु ३०,२७५। सम्वन्धित वाट असुल गर्नु पर्ने रु | ३०,२७५। |
| ५६. | **बिना प्रतिस्पर्धा खरिद** :- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा खरिद गर्न नमिल्ने साथै नियम ३१ मा बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ ।<br><br>नियमानुसार खरिद योजना बनाई सिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको पाइयो । प्रतिस्पर्धा नगराई पटक पटक सोझै गराई निम्नानुसार रु. २४,९८,२६१।भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | २४,९८,२६१। |

| भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | कामको विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| ९१२।२०७६।३।२३ | जानकी स्टेशनरी स्टोर्स मलंगवा ८ | स्टेशनरी सामान | ४,९२,३९७। |
| ९१३।२०७६।३।२३ | श्रृषिका सप्लायर्स मलंगवा | कार्यालय सामान | ४,९८,८९५। |
| ९१४।२०७६।३।२३ | रौनक जनरल एण्ड अर्डर सप्लायर्स | कार्यालय सामान | २,०३,२३५। |
| ९१५।२०७६।३।२३ | राम जानकी इन्टरप्राइजेज | कार्यालय सामान | ३८,४२०। |
| ९१७।२०७६।३।२६ | खुश्वु अफसेट प्रिन्टिङ प्रेस | कार्यालय सामान | ४८,९२९। |
| ९२०।२०७६।३।२३ | लक्ष्मी गुरांस जेनृरल अर्डर सप्लायर्स | कार्यालय सामान | ९८,६७७। |
| ९२१।२०७६।३।२६ | अन्नपूर्ण सप्लायर्स | कार्यालय सामान | ६८,०९३। |
| ९४८।२०७६।३।२३ | आर के सप्लायर्स | कार्यालय सामान | १,९९,८३०। |
| ९४९।२०७६।३।१२ | विभिन्न ६ सप्लायर्स | कार्यालय सामान | ४,५९,७७२। |
| ९५०।२०७६।३।२५ | अर्चना कम्प्युटर सेन्टर | कार्यालय सामान | ९५,२००। |
| ९५१।२०७६।३।१३ | जनक नन्दिनी इन्टरप्राइजेज | कार्यालय सामान | २,९७,७५५। |
| **जम्मा** | | | **२४,९८,२६१।** |

| | | |
|---|---|---|
| ५७. | **स्वस्थ्य चौकि निर्माण (८०१२०५) : ४।२०७६।३।२५** स्वास्थ्य संस्था नभएका वडाहरुमा | |

| | | |
|---|---|---|
| | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण तथा संचालन ( भवन निर्माण स्वास्थ्य प्रयोजन) कार्यक्रम अर्न्तगत यो वर्ष १ भवन निर्माणका लागि २० लाख ५५ हजार विनियोजन भएको पाइयो । स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्वन्धि कार्यविधि, २०७५को वुंदा नं ४(४) मा स्वास्थ्य संस्था निर्माण कार्य राष्ट्रिय भवन संहिता तथा सार्वजनिक खरिद ऐनको पालन हुनेगरी टेण्डर प्रकृया वाट गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ ।तर नगरपालिकाले सार्वजनिक डवरामा स्वास्थ्य चौकी निर्माण उपभोक्ता समिति गठन गरी( सम्झौता मिति उल्लेख छैन ) २०७६।२।३ वाट काम शुरु गरी २७६।३।२० सम्म काम सम्पन्न गर्ने गरी कार्यादेश दिएको पाइयो । उक्त कामको कुल लागत अनुमान रु २२,८४,९९८। र नगरपालिकाको योगदान रु २०,५६,४९९। मा सम्झौता भएको छ। कार्यसम्पन्न प्रतिवेदन ( काम शुरु र सम्पन्न भएको मिति उल्लेख छैन) अनुसार उक्त काम रु १९,९५,४६९। मा सम्पन्न भएको भनी उपभोक्ता समिति वाट भुक्तानी माग भएकोमा नगरपालिकाले २०७६।३।२५ मा भुक्तानी दिएको छ । समय अभावको कारणबाट ठेक्का मार्फत कार्य नगराई उपभोक्ता समिति मार्फत गराएको भन्ने प्रतिकृया प्राप्त हुन आएता पनि उल्लेखित निर्देशिकाले स्वास्थ्य सेवा चौकीको निर्माण टेण्डर प्रकृया वाट गर्नु पर्ने भनी स्पष्ट उल्लेख गरेकोमा उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्य नियम संगत नदेखिएको रु. | १९,९५,४६९।०० |
| ५८. | **महिला विकास कार्यक्रमः** २.१५.३०.२ जिल्ला सेवा केन्द्र संस्था तथा समितिलाई अनुदान कार्यक्रमका लागि यो वर्ष रु ८ लाख विनियोजन भएको पाइयो । सो कार्यकम कार्यान्वियन गर्नका लागि नगरपालिकाको कार्यलायद्धारा शान्ति महिला जिल्ला सेवा केन्द्र नामक संस्थालाई विना प्रतिस्पर्धा छनौट गरी त्यसमा कार्यरत दुई जना कर्मचारी विमला शर्मा व्यवस्थापक पदमा र रामेश्वरी देवी राय चौकिदार पदको सेवा लिने गरी सम्झौता गरेको पाइयो । सम्झौता अनुसार व्यवस्थापकको मासिक तलव रु १४,०००। र चौकीदारको रु ११,०००। कायम गरिएको छ । सम्झौताको अवधि २ पटक गरी २०७५ श्रावण देखि २०७६ आषाढ सम्म रहेको छ । साथै सम्झौतामा लुगा भत्ता सम्वन्धि व्यवस्था नभएकोमा जनही रु १०,०००। दिएको पाइयो । त्यस्तै उक्त संस्थाको कार्यालय प्रयोजनका लागि भनी वडा नम्वर १० का नागेश्वर प्रसाद साहको १ तला घर मासिक रु १२,५००। मा एक वर्षका लागि लिने दिने सम्झौता भएको छ । साथै संस्था संचालनका लागि भनी २०७६।३।२२ मा रु २ लाख ७५ हजार एकमुष्ट दिएको पाइयो । यसरी नगरपालिकाले उक्त संस्थाका कर्मचारीको तलव भत्ता, घर भाडा र कार्यालय संचालनमा रु ७ लाख ४५ हजार भुक्तानी दिएको छ । यसरी सम्झौता गरी संस्था मार्फत काम गराएको अवस्थामा सो कार्यको नियमित अनुगमन गरी अपेक्षित उपलव्धि हाँसिल भए नभएको प्रतिवेदन तयार गरी राख्नु पर्दछ । | |
| ५९. | **शिक्षा कार्यकम :** | |
| | **(क) १८।२०७५।११।८ :** ४ कोठे भवन सहित फर्निचर निर्माण कमागत आयोजना अन्तर्गत शिक्षा विकास तथा समन्वय ईकाईवाट सरि आएको भवन निर्माणको लागि जनता आधारभूत विधालय, मलंगवा ६, खुटौनी वाट रु १८ लाख माग भएकोमा नगरपालिकाले रु ९ लाख भुक्तानी दिएको छ । कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार पछिल्लो भुक्तानी दिदा अधिल्लो आर्थिक वर्षमा भए गरेका कामको विवरण र कागजात शिक्षा विकास तथा समन्वय ईकाई वाट प्राप्त गरी फिनिसिङ्ग वाहेकका कामहरु सम्पन्न गरे पश्चात दोश्रो किस्ताको रुपमा सो वर्षका लागि प्राप्त कूल रकमको ५० प्रतिशत रकम निकासा दिने भन्ने व्यवस्था रहेकोमा नगरपालिकाले उपर्युक्त प्रकृया अवलम्वन नगरी दोश्रो किस्ताको रकम भुक्तानी दिएको रु. | ९,००,०००।०० |
| | **(ख) २५।२०७५।१२।३०** :WASH सहितको शौचालय निर्माणमा यो वर्ष २ विधालयका लागि रु १४ लाख निकासा भएकोमा श्री उत्पीडित दलित प्रा.वि. खुशैनियाटोल, खटौना ६ र प्राथमिक विधालय, मलंगवा ४ लाई रु ७ लाख भुक्तानी दिएको पाइयो । शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट स्वीकृत भए अनुसारको सौचालयको ड्रईङ डिजाईनका आधारमा पेश्की रकम उपलव्ध गराउनु पर्नेमा सो नगरी नगरपालिकाले भुक्तनी दिएको नियमसंगत नदेखिएको रु | ७,००,०००।०० |

| | | |
|---|---|---|
| | (ग) ४१।२०७६।१।३१ पव्लिक मा.वि. मलंगवा २ लाई नगरकार्यपालिकाको मिति २०७५ माघ १२ को निर्णयवाट विज्ञान प्रयोगशाला निर्माणका लागि रु ६,५०,०००। दिने निर्णय भएको पाइयो । सो वमोजिम उक्त विधालयलाई रु ४,२५,०००। निकासा दिएकोमा उक्त निकासा पेश्की जनाउनु पर्नेमा खर्च जनाएको पाइयो । सम्वन्धित विधालयले तोकिएको मापदण्ड वमोजिमका आवश्यक प्रमाण साथ कार्य सम्पन्न भएको प्रमाण पेश भएपछि फछर्योट गर्ने गरी उक्त निकासालाई पेश्की कायम गर्नु पर्ने रु. | ४,२५,०००।०० |
| | (घ) ५४।२०७५।१२।१२ : २ कोठे भवन निर्माणका लागि सरस्वति जनता प्रा.वि. भेडियाहीलाई रु ५,३३,०००। भुक्तानी दिएको पाइयो ।उक्त निकासा पेश्की जनाउनु पर्नेमा खर्च जनाएको पाइयो । सम्वन्धित विधालयले तोकिएको मापदण्ड वमोजिमका आवश्यक प्रमाण साथ कार्य सम्पन्न भएको प्रमाण पेश भएपछि फछर्योट गर्ने गरी उक्त निकासालाई पेश्की कायम गर्नु पर्ने रु. | ५,३३,०००।०० |
| ६०. | **पेश्की :-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४,७५,७६ र ७७ मा पेश्की दिने र पेश्की फछ्यौट सम्बन्धी व्यवस्था छ । सो व्यवस्था बमोजिम पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । प्राप्त विवरण तथा पेश्की खाता अभिलेख अनुसार निम्न कार्यक्रम तथा बजेट उपशीर्षक अन्तर्गत पेश्की फछ्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्यौट हुनुपर्ने रु. | १,९९,०३,००९। |

| पेश्की मिति | कार्यक्रम | पदाधिकारी कर्मचारी/उ.स. | पेश्की रु. |
|---|---|---|---|
| २०७६।३।२५ | तराई मधेश समृद्धि कार्यक्रम | महिला छात्रावास नि.उ.स.मलंगवा ४ | २०,४२,३१४।० |
| २०७६।३।२५ | तराई मधेश समृद्धि कार्यक्रम | सामुदायिक भवन नि.उ.स. मलंगवा ३ | १,७६,३४१।०० |
| २०७६।०२।०१ | स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | नेपाल विद्युत प्रधिकरण | ६५,००,०००।० |
| २०७५१०।२४ | राजश्व बाँडफाँडको चालु खर्च | ना.सु.राजकुमार अधिकारी | १,४०,०००।०० |
| २०७५।०९।१९ | " | सुवेदार रामकेवल राय | ५०,०००।०० |
| २०७५।०३।३० | " | चालक जितेन्द्र महतो | ५०,०००।०० |
| २०७५।०८।१६ | " | चालक राजदेव राउत | १,२६,८७२।०० |
| २०७५।।०९।२२ | " | चालक राजदेव राउत | ६०,७३०।०० |
| २०७६।०३।२३ | " | क.अ. लक्ष्मण महतो | १,००,०००।०० |
| २०७५।०९।०५ | " | वि.मिस्त्री प्रकाश कुमार दहाल | १८,०००।०० |
| २०७५।०९।२३ | " | न.स.स. दिनेश चौधरी | २१,०००।०० |
| २०७५।१२।२१ | " | फायरमैन रामनारायण राउत | ८५,०००।०० |
| २०७६।०२।१६ | " | स.ले.पा.राजकुमार महतो | २०,०००।०० |
| २०७६।०३।२३ | " | स.ले.पा. राजकुमार महतो | १,००,०००।०० |
| २०७६।०३।१८ | " | उप.प्रमुख शान्ति भने शवनम मिकरानी | ५,००,०००।०० |
| २०७६।०३।२० | " | संस्था वालवालिका कल्यकण समाज | १,००,०००।०० |
| २०७६।०३।२५ | " | चालक वैद्यनाथ पंडित | १,००,०००।०० |
| २०७५।१०।२३ | " | वडा.अ. रामकैलाश साह | १२,८८०।०० |
| २०७६।०३।२० | बहुक्षेत्रीय पोषण कार्यक्रम | महिला तथा वालिका कल्याण समाज | ५०,०००।०० |
| २०७६।०३।२० | बहुक्षेत्रीय पोषण कार्यक्रम | ना.सु. राजकुमार अधिकारी | ३,००,०००।०० |
| २०७६।०२।२३ | प्रधानमन्त्री रोजगार | रो.संयोजक दिपेश्वर राय | ५९,२१८।०० |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | | |
| २०७६।०३।२५ | तराई मधेश समृद्धि कार्यक्रम | महिला छात्रावास उ.स. | २०,४२,३१४।० |
| २०७५।०७।१८ | वित्तिय समानिकरण/शर्शत अनुदान | ना.सु. नन्दीपत राय | ८०,०००।०० |
| २०७६।०२।०८ | " | ना.सु.नन्दीपत राय | ३,००,०००।०० |
| २०७६।०३।३० | " | का.स.इद्रीस धोवी | १,००,०००।०० |
| २०७५।०९।०९ | " | उ.स. हनुमान मन्दिर नि.उ.स.वडा १ | १,५०,०००।०० |
| २०७५।१०।०९ | " | क.अ.लक्ष्मण महतो | ३,५०,०००।०० |
| २०७५।११।१८ | " | संस्था साना गुठी मलंगवा | १,००,०००।०० |
| २०७६।०१।२६ | " | का.पा.स.गीता देवी | २,४३,७५०।०० |
| २०७६।०३।०८ | " | न.स.स.रामलखन चौधरी | १,९५,०००।०० |
| २०७३।३।१८ | " | अपन मिथिला सेवा समाज | ५०,०००।०० |
| २०७६।०३।१३ | " | उ.स.श्री चमरदेवी माई मन्दिर नि.उ.स.वडा १ | ३,९०,०००।०० |
| २०७६।०३।१७ | " | वडा अ. प्रमोद कुमार यादव | ९७,५००।०० |
| २०७६।०३।२४ | " | न.स.स. सीता मेस्तर | १,२५,०००।०० |
| २०७६।०३।२४ | " | उ.स.महरानी धर्मशालाको माथि तला थप नि.उ.स.वडा १ | १०,००,०००।० |
| २०७६।०३।०५ | " | न.स.स.भुपनारायण कापड | ५८,०९०।०० |
| २०७६।०३।३० | " | न.स.स.भुपनारायण कापड | ५०,०००।०० |
| २०७६।०३।३० | " | ठे. श्री चमेलीमाई निर्माण सेवा | १,५०,०००।०० |
| २०७६।०२।३१ | " | सर्लाही अस्पताल मलंगवा | ३,००,०००।०० |
| २०७६।०३।२९ | " | संयोजक देवेन्द्र साह | ७,८२,०००।०० |
| २०७६।०३।२३ | " | संजय कुमार यादव | ७,५१,०००।०० |
| २०७६।०३।२१ | " | ईन्जि. श्याम किशोर यादव | ८४,०००।०० |
| २७६।३।१२ | जिल्ला समन्वय समिति | सरस्वती ज.मा.वि. | १८,०६,०००।०० |
| | जनस्वास्थ्य | क.अ. लक्ष्मण महतो | ८६,०००।०० |
| | | **जम्मा** | **१,९९,०३,००९।००** |

६१. **राजस्वः-**आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ मा राजश्व अभिलेख अधावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने समेत उल्लेख छ । कार्यालयले राजस्व आम्दानीको असुली तथा दखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बैंक मार्फत राजस्व असल गर्नुपर्नेमा नगदी रसिद मार्फत नगद राजस्व असुल गरेको छ । नगदी रसिद नियन्त्रण खाता राखेकोमा खर्च गरेको रसिद ठेली मात्र उल्लेख छ । आम्दानी तथा छपाएको रसिद ठेली संख्या, सो मध्ये खर्च गरेको ठली संख्या र बाँकी ठेली संख्या देखिने गरी रसिद नियन्त्रण खाता नराखेकोले सो बमोजिम खाता राख्नुपर्छ । राजस्व असुली सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छ ।

क) वडा नं.११ को विभिन्न रसिद बाट उठेको रु.७६,२५०। को राजस्व दाखिला भएको पाइएन । नगद राजस्व रकम सोही दिन र त्यसको भोलिपल्ट बैंक जम्मा गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म बैंकमा जम्मा गरेको नपाइएकोले सम्बन्धित वडा सचिव संजय कुमार रायलाई आर्थिक कार्य विधि ऐन २०५५ को दफा १३ (४) बमोजिम पच्चीस प्रतिशत

| | | |
|---|---|---|
| | जरिवाना गरी नगद दाखिला गर्न लगाई प्रचलित कानुन बमोजिम कारवाही हुनुपर्ने रु.<br><br>ख) वडा नं.१२ को वडा सचिव रामप्रवेश रायले बुझेको रसिद नम्बर १५४०१ देखि १५४५० सम्मको १ ठेली लेखापरीक्षणमा पेश भएन । राजस्व असुली खाताबाट समेत उक्त रसिद नम्बर बाट असुल भएको देखिएन । लेखापरिक्षण क्रममा उक्त रसिद ठेली हराएको जवाफ पाइयो । रसिद ठेली हराएकोमा कार्यालयबाट कुनै कारवाही भएको नपाइएको र राजस्व अभिलेख अधावधिक गराउने सम्बन्धमा कार्यालय प्रमुख जिम्मेवार रहने हुँदा सो सम्बन्धमा छानविन गरी उक्त रसिदबाट उठेको राजस्व असुल हुनुपर्छ ।<br><br>ग) विभिन्न ८ स्टल भवन भाडा रु.२,४७,६५५।, पोखरी, पार्किङ्ग बजार १७ ठेक्काको रु.१९,७२,०३७।४२, जनसागर बजार स्थित रहेको २१ कोठे स्टल भवन भाडा रु.१५,६०,०००। समेत जम्मा रु.३७,७९,६९२।४२ गत विगतको असुल हुनु बाँकी वक्यौता राजस्व रहेको पाइयो । उक्त वक्यौता असुल हुन बाँकी राजस्व अविलम्न असुल हुनुपर्छ । | ७६,२५०।०० |
| ६२. | **धरौटीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २४ (२) मा निर्माण व्यवसायिले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणपेश गरेको प्रमाण काजगात पेश गरेपछि रिटेन्सन मनी फिर्ता गर्नुपर्ने उल्लेख छ निम्न निर्माण व्यवसायीको रिटेन्सन मनी फिर्ता गरेकोमा नियमानुसार कर विवरण पेश गरेको प्रमाण पेश नगरेको पेश गर्नु पर्ने रु. . | १,५७,७७१।६५ |

| निर्माण व्यवसायी | रिटेन्सन भनी फिर्ता रु. |
|---|---|
| आर.पि.एसकन्सटक्सन | ८०,४४९।६५ |
| न्यु राजदेवी निर्माण सेवा | ३६,७६१।०० |
| तिरुपती बालाजी निर्माण सेवा | १७,५६१।०० |
| श्री कृष्णा कन्सटक्सन | २५,०००।०० |
| | **१,५७७७१।६५** |

| | | |
|---|---|---|
| ६३. | **अनुगमनतथामूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजु रकम (रु.) (क) | यो वर्ष फछ्र्यौट (ख) | बाँकी (क-ख) |
|---|---|---|
| १२,७६,४३०००।०० | ०।०० | १२,७६,४३०००।०० |

| | | |
|---|---|---|
| ६४. | **अद्यावधिक बेरुजु स्थिति :** यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहायअनुसार रहेको छ : | |

| गतवर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (क) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (ख) | यो वर्षको कायम बेरुजु रु. (ग) | बाँकी (क+ख+ग) |
|---|---|---|---|
| १२,७६,४३०००।० | ०।०० | ८,२७,९०,०००।०० | २१,०४,३३,०००।०० |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची– १

# मलंगवा नगरपालिकाको बेरुजू वर्गीकरण

## २०७५।७६

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौ)ट | | | बाङकी बेरुजू | | | वाङकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सर्लाही | मलंगवा नगरपालिका | २५ | ३७ | ८२७९० | - | - | - | २५ | ३७ | ८२७९० | ६८९४ | ५२९८५ | २४७४ | - | - | ५५४५९ | ७१०३ | १३३३४ | २०४३७ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मलंगवा नगरपालिका | सर्लाही | ९६५ | १३८०९५ | १८५९९४ | २११९२६ | **५३६०१५** | ३१९८४१ | १७७०५० | ३५६२१ | **५३२३१२** | **४४६८** |

अनुसूची- ३

# अध्यावधिक बेरुजु स्थिति

## २०७५।७६

(रु.हजारमा)

| सि. नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं प. बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | मलंगवा नगरपालिका | सर्लाही | १२७६४३ | - | १२७६४३ | - | ८२७९० | २१०४३३ |